

विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १४६ ★ ने. सं. ११४६ तछला थ्व, चतुर्थी ★ बिहीबार ★ ४ असार, २०८३ ★ June 18, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – २९

**प्रहरी वृत्त कालिमाटीका प्रहरी सहायक हवल्दार योगेन्द्रबहादुर चन्द :**

२०८२ भदौ २४ गते बिहान अं. १०:३० बजे ४/५ हजारको सङ्ख्यामा आएका प्रदर्शनकारीले “यिनीहरूलाई मार्नुपर्छ, जिउँदै आगो लगाउनुपर्छ” भन्दै चारैतर्फबाट घेरा हाली ढुङ्गामुढा, इँटा, पेट्रोल बम हान्न थाले । वृत्तभित्र प्रवेश गरेका ३/४ सय प्रदर्शनकारीलाई बाहिर निकाल्यौँ । कलङ्की र बल्खुतर्फबाट आएका र कालिमाटीमा रहेका प्रदर्शनकारीहरूको भेट भएपछि स्थिति नियन्त्रण बाहिर गयो ।

बल्खुतर्फबाट मोटरसाइकलमा आएका प्रदर्शनकारीहरूले सर्टगन, थ्रिनटथ्री र एसएलआर हतियारसमेत बोकेका थिए । केही प्रदर्शनकारी प्रहरीको चुस्ता लगाएर आएका थिए । उनीहरूले स्थानीयको घरमा पसेर छतबाट पेट्रोल बम प्रहार गरे । जसको कारण प्रहरी वृत्तको मेनबाटोतर्फका कोठाहरू, पछाडिको ट्राफिक भवन, ट्राफिक प्रहरीको भ्यान र अन्य सवारी साधनमा आगलागी भयो । प्रदर्शनकारीहरू वृत्तको मेनगेटबाट भित्र छिरेर सर्टगन र गोली खोसे ।

वृत्तको हिरासतमा रहेका थुनुवाहरूलाई ‘पछि उपस्थित हुन आउनू’ भनी हिरासतमुक्त गरियो । हामीले पटक पटक थप मद्दत माग्यौँ । तर, “आफू सुरक्षित रहनू, अन्य सुरक्षा निकायबाट थप मद्दत आउन सक्दैन” भन्ने जानकारी पायौँ । त्यसपछि प्रहरी भ्यानमा सञ्चार सेट लोड गरेर प्रहरी कर्मचारीहरू भद्रकाली गयौँ । भद्रकालीमा हातहतियार बोकेका हजारौँ प्रदर्शनकारीले आक्रमण गर्न खोजेपछि केही राउन्ड अश्रुग्याँस र डमीराउन्ड गोलीबाट हवाई फायर गरिएको हो । जसको कारण भद्रकाली परिसर आगजनी तथा लुटपाट हुनबाट जोगियो ।

राति ०७:३० बजे १०० भन्दा बढी मोटरसाइकल र सशस्त्र प्रहरीको ट्रक चढेर आएका प्रदर्शनकारीहरूले ट्रकलाई गेटमा ठोक्काएर भत्काउने प्रयास गरे । हामीले अश्रुग्याँस तथा लाठीचार्ज गरेर रोक्यौँ । उक्त दिनको आक्रमणमा लागूऔषध सेवनकर्ता, कलङ्की-बल्खु क्षेत्रमा यातायात काउन्टरमा काम गर्ने, भरियाको रूपमा काम गर्ने, सुकुमवासी, कवाडी काम गर्ने भारतीय मूलका व्यक्ति र प्रहरी हिरासतबाट भागेका थुनुवाहरू हुनसक्ने अनुमान गरेको छु ।

**प्रहरी वृत्त कीर्तिपुरमा कार्यरत प्रहरी जवान अशोककुमार अवस्थी :**

भदौ २४ गते बिहान करिब ११:०० बजे कार्यालयमा ढुङ्गामुढा गर्ने आन्दोलनकारीको समूहलाई सम्झाइबुझाइ पठाइएको थियो । दिनको करिब १२:०० बजे पुन: ३/४ हजारको सङ्ख्यामा रहेका नेतृत्वविहीन अराजक समूहले तोडफोड, लुटपाट र आगजनीसमेत गरेर कार्यालय र प्रहरी ब्यारेकमा पूर्ण क्षति पुऱ्याए । हामी आफूसँग रहेका हातहतियारसहित सुरक्षित स्थानमा गई बस्यौँ । उक्त दिन डर-त्रासमै बित्यो ।

**संसद् भवन सुरक्षा वेश बानेश्वरमा कार्यरत प्रहरी जवान मनोज ज्ञवाली :**

२०८२ भदौ २३ गते लगभग ११.३० बजे चारैतर्फबाट हजारौँ प्रदर्शनकारी उत्तेजित हुँदै संसद् भवनको वाल तथा ढोकाहरू तोडफोड गर्दै भित्र प्रवेश गर्न खोजे । सोहीक्रममा मेरो पोस्ट नजिक आई ‘मार मार’ भन्दै ढुङ्गामुढा प्रहार गरे । म आफ्नो हातहतियारसहित पोस्टबाहिर पछाडि हटेँ । बाहिर ग्यासगन, गोली प्रहार भएको आवाज सुनिन थाल्यो ।

२४ गते लगभग १३.०० बजे संसद् भवन वरपर थेग्नै नसक्ने गरी प्रदर्शनकारीको ठुलो सङ्ख्याले ढुङ्गामुढा, गुलेली, पेट्रोल बम प्रहार गरे । गैँटीलगायतका औजारहरूले पर्खाल फोडेर संसद् भवन परिसरभित्र खुकुरी देखाउँदै प्रवेश गरी संसद् भवन जलाए ।

**प्रहरी वृत्त बालाजुमा कार्यरत प्रहरी जवान जितेन्द्र महत :**

२०८२ भदौ २४ गते हामी प्रहरी वृत्त बालाजु वडा एरियाको ड्युटीमा थियौँ । भिडले बनस्थली प्रहरी पोस्टमा ढुङ्गामुढा र आगजनी गर्न थाले । प्रदर्शनकारीहरू हातमा बाँसको लाठी, बोतल, ढुङ्गामुढा, पेट्रोल बमसमेत लिई राष्ट्रपतिको निजी निवासतिर आए । हामीले अश्रुग्यास र रबर बुलेट प्रहार गरी तितरबितर पार्न खोजेका थियौँ । भिड अत्याधिक भएकोले राष्ट्रपतिको निजी निवासमा आगजनी, लुटपाट र तोडफोड गर्न थाले । प्रदर्शनकारीले पेट्रोल बम हान्नुका साथै लामो लाठीको टुप्पोमा आगोको झोरो बनाई पर्खाल बाहिरबाटै कार्यालयभित्र आगो लगाउन थाले । अन्तत: हातहतियार तथा अस्वभावका सामान बोकी बाटोमा हवाईफायर, अश्रुग्यास हान्दै भिडलाई तितरबितर पार्दै नेपालटारस्थित नेपाली सेनाको ब्यारेकमा गएर बस्यौँ ।

# संसद्मा ‘बालेनको अराजक अभिव्यक्ति’ हटाउनुपर्ने विषय र नियमापति

काठमाडौँ, ३ असार । प्रतिनिधिसभाको असार ३ गतेको बैठकमा विपक्षी दलका एक सांसदले आकस्मिक समयमा ‘प्रम बालेनले अराजक र गैरजिम्मेवार अभिव्यक्ति दिएको’ बताएपछि सत्तापक्षका एक सांसदले सो भनाइमा नियमापति गर्दै ‘प्रम अराजक भएको’ भनाइ अभिलेखबाट हटाउनुपर्ने बताए ।

विपक्षीका अर्का सांसदले सभामुख ‘डीपी अर्यालले आफू निर्वाचित भएर आएको पार्टी रास्वपासँग नाभी काट्न नसकेको’ बताएपछि सत्तापक्षका अर्का सांसदले नियमापति गर्दै ‘सभामुखले पदअनुकूल आचरण नगरेको प्रस्तावमा बाहेक सभामुखको आचरणबारे बोल्न नहुने’ हुँदा सो भनाइ अभिलेखबाट हटाउनुपर्ने बताए ।

सभामुख अर्यालले आफ्नोबारे उठेको विषयमा ध्यानाकर्षण भएको स्पष्ट पारे भने प्रधानमन्त्री बालेनले अराजक र गैरजिम्मेवार अभिव्यक्ति दिएकोबारे केही बोलेनन् ।

प्रतिनिधिसभामा प्रम बालेनले ‘नेपालले भारतको सीमा मिचेको छ’ भनी बोलेको विषय अभिलेखबाट हटाउनुपर्ने वा संसद्मै आएर बालेनले गल्ति सच्याउनुपर्ने आवाज विपक्षीले राख्दै आए पनि सत्तापक्षले चासो राखेको छैन ।

विपक्षी दलका अर्का सांसदले २०८२ भदौ २३ र २४ गतेको जेनजीको भनिएको आन्दोलनमा लागेका कोही जान्ने, बोल्ने, पावर हुने सांसद र मन्त्री हुनुपर्ने, देश चलाउनुपर्ने, सोझासीधा जेल बस्नुपर्ने किन भनी प्रश्न गरेका थिए भने राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा उल्लेख आरोपितहरूमाथि कारबाही नभएकोबारे पनि जिज्ञासा राखेका थिए ।

# विश्व एआइ सम्मेलन २०२६ चीनमा हुने

पेइचिङ, ३ जेठ (सिन्ह्वा) । चीनको साङ्घाईमा आगामी जुलाईमा विश्व कृतिम बौद्धिकता (एआई) सम्मेलन २०२६ तथा विश्वव्यापी (ग्लोबल एआई गभर्नेन्स) सम्बन्धी उच्चस्तरीय बैठक आयोजना गर्ने तयारी गरिरहेको चिनियाँ अधिकारीले बुधबार बताएका छन् ।

“चीनले यस सम्मेलनलाई सबै पक्षहरूसँग एआईसम्बन्धी अन्तर्राष्ट्रिय सहयोगलाई अझ सुदृढ पार्ने अवसरको रूपमा लिन उत्सुक रहेको राष्ट्रिय विकास र सुधार आयोगका उपप्रमुख झोउ हाइबिङले पत्रकार सम्मेलनमा बताउनुभएको छ ।

एआईले मानवको भविष्यमा ठुलो असर पार्ने बताउँदै यो सबै देशहरूले सामना गर्ने साझा सवाल भएको झोउले बताउनुभएको छ । चीनले बहुपक्षवाद, खुलापन र समावेशीकरणको सिद्धान्तलाई समर्थन गर्दै एआईको युगमा विश्वव्यापी विकासमा आधुनिक चिनियाँ समाधानसहित उल्लेख्य योगदान पुऱ्याएको जनाइएको छ ।

उहाँले चीनले विकास तथा सुरक्षा प्रयासहरू समन्वय गर्ने र बहुपक्षवादलाई सक्रिय रूपमा अभ्यास गर्नेछ र जनकेन्द्रित एआई पनि विकास गर्ने सिद्धान्तलाई समर्थन गर्ने जनाइएको छ ।

# आधारभूत चिनियाँ तथा जापानी भाषा तालिमका प्रशिक्षार्थीहरूको अभिमुखीकरण

भक्तपुर, ३ असार । भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालन हुन लागेको चिनियाँ तथा जापानी भाषा तालिमका प्रशिक्षार्थीहरूको अभिमुखीकरण कार्यक्रम आज सम्पन्न भयो । उक्त कार्यक्रममा तालिमका प्रशिक्षार्थीहरूलाई तालिमको उद्देश्य, महत्त्व तथा भावी अवसरबारे जानकारी गराइएको थियो ।




कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाले केही समयअघि साङ्केतिक भाषा तालिमसमेत सञ्चालन गरेको उल्लेख गर्दै जनताका आवश्यकता र समस्यालाई सम्बोधन गर्ने क्रममा विभिन्न सीपमूलक तथा व्यावसायिक तालिमहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

विदेशी पर्यटकलाई भक्तपुरको कला, संस्कृति र सम्पदासँग जोडिराख्न भाषा तालिम महत्त्वपूर्ण रहेको उहाँको भनाइ थियो ।

उहाँले युवाहरूलाई सक्षम र आत्मनिर्भर बनाउने उद्देश्यले प्रत्येक युवाले कम्तीमा चार वटा भाषा सिक्न सक्ने वातावरण सिर्जना गर्नुपर्ने धारणा राख्नुभयो । भाषा ज्ञानले रोजगारी, व्यापार-व्यवसाय, शैक्षिक अवसर तथा सांस्कृतिक अनुभव आदानप्रदानमा सहजता ल्याउने बताउँदै दुई देशबिचका साहित्य, संस्कृति र विभिन्न विषयका पुस्तकहरू अनुवाद गर्नसमेत भाषा ज्ञान उपयोगी हुने उल्लेख गर्नुभयो । साथै भविष्यमा दक्ष भाषा प्रशिक्षक उत्पादन गर्ने लक्ष्यका साथ तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुर नगरपालिकाले १०० वर्षपछिको भक्तपुरको परिकल्पनालाई मूर्तरूप दिन नगरवासीलाई विभिन्न विदेशी भाषा तालिम सञ्चालन गर्दै आएको बताउनुभयो । उहाँले विदेशी पर्यटकलाई सहज सेवा प्रदान गर्ने, उच्च शिक्षाका अवसर विस्तार गर्ने तथा रोजगारीका सम्भावना बढाउने उद्देश्यले भाषा तालिम सञ्चालन गरिएको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा चिनियाँ भाषा प्रशिक्षक विनय हाडाले विदेशी भाषा सिक्नुको महत्त्वबारे प्रकाश पार्दै भाषा सिकेर सम्बन्धित देशको कला, संस्कृति, राजनीति तथा जीवनशैलीबारे बुझ्न

*बाँकी पृष्ठ ८ मा*

## व्यङ्ग्यचित्रको कुनो





**डिजेल लिन लामबद्ध किसान**

ट्याक्टरले खेत जोत्नका लागि कैलालीको टीकापुरस्थित पेट्रोल पम्पमा डिजेल लिन लाइनमा बसेका किसान । धान रोप्ने समय भएको र पेट्रोल पम्पमा डिजेल अभावका कारण सहज आपूर्ति नभएपछि किसान पेट्रोल पम्पमा डिजेल लिन लाइनमा बसेका हुन् । *तस्बिर: झलनाथ खनाल/रासस*

# मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि ४१ करोड ११ लाख विनियोजन

काठमाडौँ, ३ असार । कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउँदै प्रभावित समुदायलाई सघाउन विशेष कार्यक्रम र बजेट व्यवस्था गरिएको जानकारी दिनुभएको छ ।

प्रतिनिधिसभामा विनियोजन विधेयक, २०८३ अन्तर्गत आफ्नो मन्त्रालयसँग सम्बन्धित खर्च शीर्षकमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै उहाँले वन्यजन्तुबाट हुने क्षति घटाउन तथा प्रभावित परिवारलाई सहयोग गर्न सरकार प्रतिबद्ध छ भन्नुभयो ।

मन्त्री चौधरीले वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० अनुसार हात्ती, गैँडा, बाघ, भालु, चितुवा, हिउँचितुवा, मगर गोही, अजिङ्गर, बाँदर, बँदेल तथा नीलगाईसहित १६ प्रजातिका वन्यजन्तुबाट मानव जीवन, पशुधन तथा बालीमा पुगेको क्षतिका लागि राहत उपलब्ध गराइँदै आएको जानकारी दिनुभयो ।

उहाँले आगामी आर्थिक वर्षका लागि पहिलोपटक 'मानव-वन्यजन्तु सहअस्तित्व' शीर्षकमा छुट्टै बजेट उपशीर्षक व्यवस्था गरिएको उल्लेख गर्दै मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न रु. ४१ करोड ११ लाख विनियोजन गरिएको बताउनुभयो ।

वन तथा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र वन्यजन्तुको बासस्थान सुधार, आहार व्यवस्थापन, वैकल्पिक खेती प्रणाली तथा इको-टुरिजम प्रवर्द्धनमार्फत स्थानीय समुदायको जीविकोपार्जनमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो ।

मन्त्री चौधरीका अनुसार चितुवा र बाघका कारण उत्पन्न समस्या समाधानका लागि गठित कार्यदलको प्रतिवेदन प्राप्त भइसकेको छ । उक्त प्रतिवेदनका सुझाव अध्ययन गरी क्रमिक रूपमा कार्यान्वयन गरिनेछ । मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनसम्बन्धी अध्ययनका लागि गठन गरिएको समितिले प्रतिवेदन बुझाएलगत्तै आवश्यक निर्णय तथा कार्यान्वयन प्रक्रिया अघि बढाइने उहाँले बताउनुभयो ।

मुलुकको पूर्वी भागमा हात्तीका कारण उत्पन्न समस्याप्रति सरकार गम्भीर रहेको उल्लेख गर्दै मन्त्री चौधरीले स्थानीय तह, प्रदेश सरकार, सङ्घीय सरकार तथा सरोकार भएकाहरूबाट प्राप्त सुझावका आधारमा समस्याको दीर्घकालीन समाधानका लागि ठोस कदम चालिने बताउनुभयो । ***रासस***

# कृषि विश्वविद्यालयमा १६ वर्षमा पाँच हजार ९०६ विद्यार्थी उत्तीर्ण

चितवन, ३ असार । कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरबाट १६ वर्षमा पाँच हजार ९०६ विद्यार्थी उत्तीर्ण भएका छन् । विश्वविद्यालयले बुधबार स्थापना दिवसको अवसरमा सो कुरा बाहिर ल्याएको हो ।

विसं २०६७ असार ३ गते विश्वविद्यालय स्थापना भएको हो । सो विश्वविद्यालयमा स्नातक, स्नातकोत्तर र विद्यावारिधि पढाइ हुँदै आएको छ ।

विश्वविद्यालयका रजिष्ट्रार प्राडा सुविरसिंहले कृषि स्नातकमा तीन हजार १४ जना, कृषि स्नातकोत्तरमा ८८८ जना र कृषि विद्यावारिधिमा ५४ जना विद्यार्थी उत्तीर्ण भएका छन् भन्नुभयो ।

यसैगरी, पशुचिकित्सा तथा पशुपालन स्नातकमा ३८८ जना, पशु चिकित्सा स्नातकोत्तरमा २०१ जना, पशुविज्ञान स्नातकोत्तरमा १११ जना र पशुचिकित्सा तथा पशुविज्ञान विद्यावारिधिमा १० जना विद्यार्थी उत्तीर्ण भएका छन् ।

प्राडा सिंहले मत्स्यविज्ञान स्नातकमा ११३ जना, मत्स्यविज्ञान स्नातकोत्तरमा ५० जना र मत्स्यविज्ञान विद्यावारिधिमा चार जना विद्यार्थी उत्तीर्ण भएका छन् ।

यस्तै वनविज्ञान स्नातकमा ८९३ जना, स्नातकोत्तरमा १७६ जना र विद्यावारिधि चार जनाले उतीर्ण गरेका छन् । तीनवटै सङ्कायको स्नातकमा चार हजार ४०८ जना, स्नातकोत्तरमा १४२६ जना र विद्यावारिधिमा ७२ जना विद्यार्थी उत्तीर्ण भएका छन् ।

पाँच हजार ९०६ जना उत्तीर्ण विद्यार्थीमध्ये अधिकांशजसो स्नातक, स्नातकोत्तर र विद्यावारिधिमा सोही विश्वविद्यालयका विद्यार्थी उत्तीर्ण भएका हुन् भने केही बाहिरी देशबाट पनि उत्तीर्ण भएका हुन् । ***रासस***

# सिरुटारको वडा कार्यालय भवन निर्माणका लागि एक करोड मूल्य बराबरको जग्गादान

भक्तपुर, ३ असार । सूर्यविनायक नगरपालिकाले नौवटा वडाको कलात्मक कार्यालय भवन निर्माण गरिसके पनि जग्गा अभावले रोकिएको वडा नं १ सिरुटारको भवन पनि अब आफ्नै जग्गामा निर्माण हुने भएको छ ।

स्थानीय स्वर्गीय नरबहादुर राउतको नाममा रहेको करिब रु. एक करोडभन्दा बढी मूल्यबराबरको जग्गा वडा कार्यालय भवन निर्माणका लागि दान प्राप्तिपछि भवन निर्माण हुन लागेको हो ।

सूर्यविनायक नगरपालिका-१ का वडाध्यक्ष सानुकाजी कायस्थले राउत नरबहादुरका चार छोराबाट दान प्राप्त चार आना जग्गामा अन्डरग्राउन्डसहितको अत्याधुनिक भवन निर्माणको प्रक्रिया सुरु भएको जानकारी दिनुभयो ।

नगरपालिकाले रु. तीन करोड ४० लाखको बजेटमा ठेक्का आह्वान गरेसँगै भवन निर्माण अघि बढेको उहाँले जानकारी दिनुभयो । उहाँले कलात्मकता झल्किने गरी भवन निर्माण हुने र भवनमा वडा कार्यालयको प्रशासनिक कार्यसँगै विभिन्न शाखा, स्तनपान कक्ष, अपाङ्गमैत्री, सुविधायुक्त हलसहितको भवन निर्माण हुने उहाँले बताउनुभयो ।

नगरपालिकाका प्रमुख वासुदेव थापाले सूर्यविनायक नगरपालिकाले वडा नं २ देखि वडा नं १० सम्म आफ्नै भवन निर्माण गरिसकेको बताउँदै अब बाँकी रहेको वडा नं १ को भवन पनि २०८३ सालभित्र निर्माण सम्पन्न गर्ने बताउनुभयो ।

उहाँले वडा नं १ को भवन कलात्मक हुने बताउँदै नयाँ बनेका भवनमध्ये वडा नं ५, ६, ९ र वडा नं १० को भवन कलात्मक शैलीमा निर्माण गरेको र वडाका पुराना भवनलाई पनि नयाँ स्वरूपमा कलात्मकता दिएको बताउनुभयो ।

वडा नं १ सिरुटारको भवन निर्माणसँगै नगरपालिकाको आफ्नो प्रशासनिक भवन र नगरका १० वटै वडाले आफ्नै भवनबाट नागरिकलाई सेवाप्रवाह गर्ने उहाँले बताउनुभयो । ***रासस***

# क्यानका पूर्वमहानिर्देशक गौतमलाई पुर्पक्ष थुनामा पठाउन आदेश

काठमाडौँ, ३ असार । विशेष अदालतले नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का पूर्वमहानिर्देशक सञ्जीव गौतमलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको छ ।

विशेष अदालतका सदस्य नारायणप्रसाद पौडेल, हेमन्त रावल र डिल्लीराज श्रेष्ठको इजलासले पूर्वमहानिर्देशक गौतमलाई पुर्पक्षका लागि थुनामा पठाउने निर्णय गरेको हो । विशेष अदालतले तत्कालीन महानिर्देशक गौतमले आफ्नो पदमा रहँदा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको अनियमितता र हिनामिना भएको अभियोगमा पुर्पक्षका लागि थुनामा पठाउने आदेश जारी गरेको हो ।

विशेष अदालतको आदेशमा भनिएको छ, "प्रमाण परीक्षण गर्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाललाई प्रस्तुत मुद्दा पुर्पक्षका लागि निज प्रतिवादी सञ्जीव गौतमलाई थुनुवा पुर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिनु ।"

गौतमले पोखरा क्षेत्रीय विमानस्थलको निर्माण आयोजनाका तत्कालीन निर्देशक प्रदीप अधिकारीले इपिसी कन्स्ट्राक्ट सम्झौतामा भएको २८ लाख अमेरिकी डलर खर्च नगरी स्वाभाविक रूपमा लागत बढाएर प्राधिकरणको थप रु. ५० लाख ३४ लाख ४० हजार ६९६ रकम हिनामिना गरेको अभियोग लागेको थियो । ***रासस***

# विद्यालयलाई अनुदान : शिक्षक विद्यार्थीलाई पुरस्कार

भजनी (कैलाली), ३ असार । कैलालीको जानकी गाउँपालिकाले शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयलाई अनुदानदेखि शिक्षक र विद्यार्थीलाई पुरस्कृत गर्न थालेको छ । शैक्षिकसत्र २०८२ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई गाउँपालिकाले नतिजामा आधारित अनुदान प्रदान गरेको छ । नतिजामा आधारित अनुदान वितरणका लागि गाउँपालिकाले कार्यविधि बनाएर शैक्षिक गुणस्तर बढाउनका लागि त्यस्तो व्यवस्था लागू गरेको हो ।

शैक्षिकसत्र २०८२ मा माध्यमिक तहतर्फ सबैभन्दा बढी विद्यार्थी उत्तीर्ण गराउन सफल जनता मावि मुनुवाले रु. चार लाख नतिजामा आधारित अनुदान प्राप्त गरेको छ । त्यसैगरी, दोस्रो हुने राष्ट्रिय मावि अमौराले रु. दुई लाख ५० हजार अनुदान पाउँदा भृकुटी मावि सुवर्णपुरले रु. एक लाख ५० हजार प्राप्त गरेको छ ।

आधारभूत तह कक्षा ८ सम्मको विद्यालयहरूमा राष्ट्रिय आधारभूत विद्यालय खैरिपुरले वर्षको उत्कृष्ट विद्यालय बन्दै रु. तीन लाख अनुदान पाएको छ । भृकुटी मावि सुवर्णपुरले आधारभूत तहतर्फ पनि दोस्रो स्थान हासिल गर्दै रु. दुई लाख अनुदान पाएको छ । "शिक्षालाई प्रतिस्पर्धी बनाई बढीभन्दा बढी विद्यार्थीको नतिजा सुधार होस् भन्नका लागि यो कार्यक्रम ल्याइएको हो ।" गाउँपालिकाका अध्यक्ष गणेश चौधरीले भन्नुभयो, "अर्को वर्ष हामी प्रथम हुन्छौँ भने शिक्षक अनि विद्यालय प्रशासनमा स्वस्थ प्रतिस्पर्धा गराउनका लागि पनि कार्यक्रम प्रभावकारी रहेको छ ।"

गाउँपालिकाले शैक्षिक गुणस्तर वृद्धिसँगै विषय शिक्षकहरूलाई आफ्नो विषयप्रति जिम्मेवार बनाउन २०८२ देखि शिक्षकहरूसँग करार सम्झौता गर्न थालेको छ । त्यसैअनुसार आफ्नो विषयमा सबैभन्दा बढी विद्यार्थी उत्तीर्ण गराउने शिक्षकलाई गाउँपालिकाले रु. १५ हजार नगदसहित सम्मान गर्न थालेको छ । "हामीले नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक विषय शिक्षकलाई आफ्नो विषय र विद्यार्थीको सिकाइमा दत्तचित्त बनेर काम गर्न उत्प्रेरित गर्न करार सम्झौता गर्ने गरेका छौँ ।" गाउँपालिकाका शिक्षा शाखा प्रमुख धर्मानन्द कपाडीले भन्नुभयो, "कक्षा १० को एसइई परीक्षा र कक्षा ८ को परीक्षामा जुन शिक्षकले आफ्नो विषयमा सबैभन्दा बढी विद्यार्थी सफल गराउन सक्नुभयो उहाँलाई नगदसहित पुरस्कार दिन थालिएको हो ।"

यसले शिक्षकलाई पेसाप्रति जिम्मेवार बनाउँदै आपसमा स्वस्थ प्रतिस्पर्धा हुने शाखा प्रमुख कपाडीको विश्वास छ । कक्षा ८ को नजिताका आधारमा नेपाली विषयमा जनता माविका शिक्षिका इन्द्रा उपाध्याय, अङ्ग्रेजी विषयतर्फ अरुणोदय माविका मोहन भण्डारी, अरुणोदय माविका वसन्ती जोशी गणित विषयमा सम्मानित भएका छन् । विज्ञान विषयमा आदर्श माविका अर्जुन चौधरी, सामाजिक विषयमा अरुणोदयका टङ्कराज भाटलाई सम्मान गरिएको छ ।

कक्षा १० मा एसइईको नतिजाको आधारमा नेपाली विषयमा हिमालय राष्ट्रिय माविका टीकाराम जैशी, अङ्ग्रेजी विषय शिक्षक रामबहादुर भुल, गणित विषयकी शिक्षिका रूपा रेग्मी, विज्ञान विषयमा अरुणोदय माविका टेकबहादुर धामी, सामाजिक विषयमा हिमालय राष्ट्रिय माविका प्रधानाध्यापक खगेन्द्रप्रसाद ओझा पुरस्कृत हुनुभएको छ ।

गाउँपालिकाले एसइईमा गाउँपालिकाभित्र उत्कृष्ट अङ्क ल्याउने तीन जना विद्यार्थीलाई क्रमशः रु. पाँच हजार ५००, चार हजार र तीन हजार नगदसहित सम्मानपत्रले सम्मान गर्न थालिएको छ । त्यसैअनुसार कक्षा ८ को नतिजामामा समेत त्यहीँ नियम लागू गरिएको छ । "सामुदायिक विद्यालयप्रति अभिभावक र विद्यार्थीको विश्वास कायम गर्न, शिक्षक अनि विद्यालय प्रशासनलाई जवाफदेही बनाएर शैक्षिक गुणस्तर कायम गर्न यो कार्यक्रमको सुरु गरिएको हो ।" गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भानुभक्त भट्टले भन्नुभयो, "यसले शैक्षिक क्षेत्रको सुधारको आधारस्तम्भ तयार हुने विश्वास गरिएको छ ।" ***रासस***

# काठमाडौँ प्रहरीको 'स्वीप अपरेसन', जेठ महिनामा चौध सय बढी पक्राउ

काठमाडौँ, ३ असार । जिल्ला प्रहरी परिसर काठमाडौँले गत जेठ महिनामा सञ्चालित 'स्वीप अपरेसन' अन्तर्गत एक हजार ४१० जनालाई नियन्त्रणमा लिई कारबाही गरेको छ । काठमाडौँका विभिन्न क्षेत्रमा सो अभियान सञ्चालन गरी १९९ महिला, एक हजार २१८ पुरुष र अन्य तीन जनालाई पक्राउ गरी कारबाही गरिएको परिसरका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो ।

अपराध न्यूनीकरण र समाजमा शान्ति सुव्यवस्था कायम गराउन काठमाडौँ प्रहरीले स्वीप अप्रेसन चलाएको थियो । सो अवधिमा काठमाडौँको ठमेल क्षेत्रमा स्वदेशी तथा विदेशी नागरिकलाई अश्लिल कार्यका लागि दुःख हैरानी दिने युगाण्डा, भियतनाम, थाइल्यान्ड, बङ्गलादेश र केन्याका २१ महिलालाई नियन्त्रणमा लिई 'डिपोर्ट' गरिएको छ ।

जेठमा जघन्य तथा गम्भीर अपराध २५७, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित ५१, आर्थिक अपराध ४९४ र अन्य ३५८ गरी एक हजार १६० मुद्दा दर्ता भएका परिसरले जनाएको छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी एक मुद्दाको अनुसन्धान भइरहेको छ भने हुण्डीसम्बन्धी दुई मुद्दामा रु. २० लाख ७५ हजार ५०० बिगो रकमसहित मुद्दा दर्ता भएको छ । सो अवधिमा १२२ महिला र ८८२ पुरुष गरी चालु मुद्दातर्फ एक हजार चार अभियुक्त पक्राउ परेका प्रहरीले जनाएको छ ।

**जेठ महिनामा ३०९ वटा धर्ना**

गत जेठ महिनामा ३०९ धर्ना, ७७ विरोध कार्यक्रम, छ मसाल जुलुस, चार रिलेअनसन, तीन कोणसभालगायत ४३४ कार्यक्रम भएका थिए । ती कार्यक्रम व्यवस्थापनमा १० हजार बढी प्रहरी परिचालित भएका थिए ।

काठमाडौँ प्रहरीले राजस्व चुहावट तथा भन्सार छलिका रु. २३ लाख ९९ हजारबराबरको हरियो केराउ, कोइला, चश्मा, बिस्कुट, मोबाइल र शक्तिवर्द्धक पेय पदार्थ बरामद गरेको छ ।

## सङ्क्षिप्त समाचार

### नयाँ कार्यक्रमका साथ वाग्मती विश्वविद्यालय

हेटौँडा, ३ असार । वाग्मती विश्वविद्यालय विभिन्न नयाँ कार्यक्रमका साथ विद्यार्थी र अभिभावकलाई आकर्षित गर्दै अघि बढिरहेको छ ।

विश्वविद्यालयले एक वर्षयता व्यवस्थापन र कानुन, विज्ञान तथा प्रविधि, शिक्षा तथा सामाजिक विज्ञान सङ्कायमा स्नातक तहको कक्षा सञ्चालन गरिरहेको छ ।

युगको मागअनुसारका विषय एवं पाठ्यक्रममा जोड दिइएको विश्वविद्यालय संरक्षक समिति (बोर्ड अफ ट्रष्टिज) का अध्यक्ष प्राडा चन्द्रमणि पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार विश्वविद्यालयले हालसम्म विभिन्न विषयका १४ वटा पाठ्यक्रम तयार गरिसकेको छ भने यस वर्षदेखि स्नातकोत्तर तहका कक्षासमेत सञ्चालन गर्नेछ । संविधानतः उच्च शिक्षालाई प्रदेश तहमा जिम्मेवारी दिएअनुरूप २०८१ साल जेठ २५ गते उक्त विश्वविद्यालय स्थापना भएको थियो ।

अध्यक्ष पौडेलले भन्नुभयो, "यसै वर्षदेखि स्नातकोत्तर तहमा एमएड, एमबिए र मास्टर इन इन्सुरेन्स एन्ड रिस्क म्यानेजमेन्ट (एमआरआईएम) का कक्षा सञ्चालन गर्दै छौँ भने स्नातक तहमा कम्प्युटर इन्जिनियरिङ, बिएएलएलबी, बिएचएमजस्ता विषय थप्न लागेका छौँ ।"

विश्वविद्यालयअन्तर्गत आङ्गिक क्याम्पसका रूपमा माडी क्याम्पस चितवन, हेटौँडा क्याम्पस मकवानपुर, जनमैत्री क्याम्पस काठमाडौँ, भुवानीशङ्कर क्याम्पस चितवन, चैतन्य क्याम्पस काभ्रेपलाञ्चोक र कपन क्याम्पस काठमाडौँ रहेका छन् । विश्वविद्यालयका सबै गरी आङ्गिक क्याम्पसमा हाल ५५० जना विद्यार्थी अध्ययनरत छन् । ***रासस***

### प्राध्यापकलाई १५ दिनभित्र सम्पर्कमा आउन त्रिविको निर्देशन

काठमाडौँ, ३ असार । त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले अध्ययन बिदा लिएर अध्ययन पूरा गरेपछि विश्वविद्यालयको सेवामा नफर्किएका प्राध्यापक तथा कर्मचारीलाई १५ दिनभित्र सम्पर्कमा आउन निर्देशन दिएको छ ।

त्रिविको अध्ययन बिदा सुव्यवस्थापन कार्यान्वयन समितिले बुधबार सार्वजनिक सूचना जारी गर्दै अध्ययन बिदा उपभोग गरेपश्चात् विश्वविद्यालयको नियमानुसार सेवामा नफर्केका तथा तोकिएको अवधि पूरा नगरी सेवा छाडेका शिक्षक/कर्मचारीलाई समितिको कार्यालयमा सम्पर्क राख्न आग्रह गरेको हो ।

सूचनामा तोकिएको समय सीमाभित्र सम्पर्कमा नआए विश्वविद्यालयसँग गरिएको कबुलियतनामा एवं नियमानुसार कानुनी कारबाही प्रक्रिया अघि बढाइने स्पष्ट पारिएको छ ।

त्रिविका अनुसार अध्ययन बिदा लिएर सेवामा नफर्किएका ५० जना प्राध्यापकबाट हालसम्म रु. ११ करोड ८४ लाखभन्दा बढी रकम फिर्ता भइसकेको छ ।

विश्वविद्यालयले अध्ययन बिदा दक्ष, अनुसन्धानमुखी तथा अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक जनशक्ति उपलब्ध गराउने उद्देश्यले प्रदान गरिने विशेष सुविधा भएको उल्लेख गरेको छ ।

केही प्राध्यापकहरूले अध्ययन बिदाको दुरूपयोग गर्दै अध्ययन पूरा गरेपछि सेवामा नफर्किएकाले विश्वविद्यालयलाई आर्थिक, शैक्षिक तथा प्राज्ञिक क्षति पुगेको त्रिविको भनाइ छ ।

त्रिविले बिदा सुविधा उपयोग गर्ने प्राध्यापकले सम्झौताअनुसारको सेवा दायित्व पूरा गर्नुपर्ने व्यवस्था रहेको स्मरण गराउँदै बाँकी रकम असुली प्रक्रिया निरन्तर अघि बढाइने जनाएको छ । ***रासस***

### रौतहटको सवारी व्यवस्थापनमा सुधार

रौतहट, ३ असार । मधेस प्रदेशको रौतहट जिल्लामा गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा सडक दुर्घनासहित जनधनको क्षति कम भएको छ ।

रौतहट प्रहरीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा सडक दुर्घटनामा परी ६५ जनाको मृत्यु भएकामा चालु आर्थिक वर्षको अहिलेसम्म ४८ जनाको ज्यान गएको छ । सडक दुर्घटना न्यूनीकरण तथा रोकथामका लागि जनचेतना जगाउने उद्देश्यले बुधबार यहाँ आयोजित ट्राफिक सप्ताह कार्यक्रमलाई सम्बोधन गर्दै रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुषालले नियमित तथा छड्के जाँचसहित सडकको सुरक्षा व्यवस्था कडाइ गरेकाले सवारी व्यवस्थापनमा सुधार आएको बताउनुभयो ।

उहाँले सडक दुर्घटना न्यूनीकरण तथा रोकथामका लागि सचेतना र अनुशासन आवश्यक रहेको उल्लेख गर्दै आपसी समन्वय र सहकार्यसहित अझ बढी खटिएर जनताको जीउधनको सुरक्षामा समर्पित हुन जिल्लास्थित सुरक्षा संयन्त्रको ध्यानाकर्षण गर्नुभयो ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख राजेन्द्र थापा मगरले प्रहरी प्रशासनलाई छलेर जिल्लाको भित्री सडकमा हेल्मेट नलगाई द्रुतगतिमा मोटरसाइकल चलाउने, क्षमताभन्दा बढी भार बोक्ने र लागू तथा मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउने परिपाटी अझै रहेकाले अपेक्षा गरेअनुसार परिणाम आउन नसकेको स्पष्ट गर्नुभयो ।

रौतहट जिल्लामा विभिन्न आठ वटा कार्यालयमा गरी अहिले ५० देखि ६० जना ट्राफिक प्रहरी कार्यरत रहेको जानकारी दिँदै उहाँले भन्नुभयो, "सीमित स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै सरोकार भएका सबै पक्षसँगको सहयोग र सहकार्यमा ट्राफिक व्यवस्थापन गर्दै आएका छौँ । जिल्लामा भएका सडक दुर्घटनालाई विश्लेषण गर्दा विद्यार्थी तथा युवा पिँढी सचेत र सजग हुनुपर्ने देखिन्छ ।"

रौतहट जिल्लाको विशेषगरी भित्री सडक तथा सीमावर्ती क्षेत्रमा भारतीय नम्बर प्लेटका सवारीसाधन गुड्नेक्रम अहिले पनि यथावत रहेकाले चुस्तदुरुस्त सवारी व्यवस्थापनमा केही समस्या रहेको प्रहरीले जनाएको छ । ***रासस***



**नौबहिनी झरना**

प्युठानको नौबहिनी गाउँपालिका-१ स्याउलीबाङस्थित पर्यटकीयस्थल नौबहिनी झरना । *तस्बिर : कुलदीप न्यौपाने/रासस*

# आज नवदुर्गा देवगणको देवाली पूजा (स्वं छा)

***- नारायणमान वनमाला***

भक्तपुर नगरपालिका वडा नं. ९ गछैं टोलमा रहेको नवदुर्गा मन्दिर भक्तपुर नगरको प्रसिद्ध मन्दिर हो । मानव समाजमा आधारित यस नवदुर्गा भवानीको प्रसिद्ध ङालाकेगु जात्रा मल्लकालदेखि हालसम्म निरन्तर सञ्चालनमा रहेको छ । हरेक वर्ष आठ महिना मकुन्डोसहितको र चार महिना मकुन्डोबिनाको जात्रा नवदुर्गा भवानीको विभिन्न तिथिमितिमा विभिन्न तान्त्रिक पूजाआजासहित हुन्छ । हरेक वर्ष ऐतिहासिक नवदुर्गा मन्दिरभित्रको चोकमा नवदुर्गाको देवाली पूजा (स्वं छा) हुन्छ । यस वर्ष असार ४ गते बिहीबारको दिन उक्त पूजा हुन्छ ।

नेवार समुदायमा हरेक वर्ष परिवारको सुस्वास्थ्य, कुल शान्ति, प्रकृतिसँग सामना गर्ने आधारशक्ति प्राप्ति तथा परिवारको सुखशान्तिका लागि कुल देवतालाई पूजा गर्ने परम्परा रहेको छ । नवदुर्गा मन्दिरमा पनि हरेक वर्ष नवदुर्गाको देवाली पूजा हुने गर्दछ । नवदुर्गाको देवाली पूजाको दिनदेखि मनसुन वर्षा सुरु हुने जनविश्वास छ । नवदुर्गाको देवाली पूजाको दिन बिहानै नवदुर्गा मन्दिरमा लिपपोत गरी सरसफाइ गरिन्छ । नवदुर्गाका देवगणहरूले आ-आफ्नो घरमा पनि सफा गरी पूजाआजाका सरसामानहरू तयार गर्ने गर्छन् । देवगणहरू आ-आफ्नो घरमा तयार गरिएका स्वं खचा (रङ्गीचङ्गी विभिन्न फूल सजाएर बनाइएको तोरण), फूलको माला, पूजा सामग्री तथा भोजका परिकारहरूसहित मन्दिरमा पुग्छन् । सम्पूर्ण देवगणहरू मन्दिरमा पुगेपश्चात् नायो (नवदुर्गाको वरिष्ठ/मुख्य व्यक्ति) को सहमतिमा देवगणहरूले आ-आफ्नो देवताका मकुन्डोहरू मन्दिरको चोकमा व्यवस्थित तरिकाले राख्छन् । त्यसपछि देवगणहरूले आ-आफ्नो देवताको विधिवतरूपमा पूजा साधना गरी क्रमशः खिं बाजा, तं बाजा, कंश बाजा, भैरव, महाकाली, बाराही, कुमारी, धोम्हा पोमी, महालक्ष्मी (दातिम्हा पोमी), झिम्हा पोमी, गणेश, ब्रह्मायणी, महेश्वरी, भद्रकाली, इन्द्रायणी, दुम्ह, सिम्ह, श्वेत भैरव र अन्तिममा नकीं (मन्दिरको नित्यपूजा गर्ने मुख्य महिला पुजारी) बाट पूजा हुने परम्परा छ । पूजा सामग्रीसँगै विभिन्न नेवारी परिकारहरू अण्डा, बारा, चतामारी, सम्हेबजी, गोजा (भात वा चिउराबाट बनाइने परिकार) सतुङ ( भुटेको गहुँको पीठोबाट बनाउने परिकार), मासुका परिकार तथा आलुबखडा, काँक्रो आदि चढाउने परम्परा छ । मन्दिरको चोकमा फूलका मालाहरूले झिलिमिली सजाउने र मकुन्डोलाई फूलको तोरणले सजावत गर्ने गरिन्छ । यस दिन भैरव, महाकाली र बाराही तीन जना देवगणले घाजी नं (सेतो जामा) पोशाक लगाउने गरिन्छ । देवगणका सम्पूर्ण परिवार मन्दिरमा उपस्थित हुने र पूजाआजा गरी देवाली पूजा हर्षउल्लासका साथ मनाउने गरिन्छ । देवाली पूजा गरिसकेपछि देवगणहरूलाई भोजन ग्रहण गराइन्छ र पुनः बेलुका देवगण र देवगणका सपरिवारले मन्दिरमा भोज खाने परम्परा छ ।




यसरी नवदुर्गा मन्दिरभित्र नवदुर्गाको देवाली पूजा सम्पन्न गरिन्छ । देवगणहरू वर्षभरि आउने विभिन्न समस्या समाधान होस्, आफूले गरेको कामको सफलता मिलोस्, दिन राम्रो होस्, परिवारको सुस्वास्थ्य तथा शान्तिको कामना गरी देवाली पूजा गर्ने गर्छन् ।

देवाली पूजाको आठ दिनपश्चात् भक्तपुर दरबार क्षेत्र नजिक असार ११ गते इछु टोलमा यो वर्षको अन्तिम ङालाकेगु जात्रा गरिन्छ । भक्तपुर दरबार क्षेत्रको मूल चोकमा सिंजा नकेगु (अन्तिम भोज) ग्रहण तथा रात्रिकालीन नवदुर्गा नाच प्रदर्शन गरिन्छ । असार २३ गते मङ्गलबार भलभल अष्टमीको दिन भक्तपुर नगर परिक्रमा गरी भनपा वडा नं. ९ स्थित ब्रह्मायणी पीठमा नायखिं बाजाको साथमा नवदुर्गा जले बिज्याकेगु (अग्नि समायोजन) गर्ने गरिन्छ । यसरी यस वर्षको नवदुर्गाको जात्रा तथा नाच सम्पन्न हुन्छ ।

भक्तपुर नगरमा मात्र २१ स्थानमा टोल टोलमा गएर ङालाकेगु जात्रा हुन्छ । त्यस्तै पशुपति क्षेत्र, जय वागेश्वरी, टोखा, चपली, बुढानीलकण्ठ न.पा. चुदी खेल, गोकर्ण न.पा, मध्यपुर न.पा, सूर्यविनायक न.पा. गामचाः, साँखु सङ्खरापुर न.पा, चाँगुनारायण न.पा, साँगा, नाला, धुलिखेल, श्री खण्डपुर बनेपा न.पा. र पनौती न.पा. लगायतमा ङालाकेगु जात्रा हुन्छ ।

भक्तपुर नगरको सांस्कृतिक धरोहर नवदुर्गाको जात्रा एवम् नाचलाई संरक्षण एवम् जीवन्त राख्नका लागि सम्बन्धित निकायबाट आवश्यक सहयोगको आशा एवम् विश्वास गर्दै यस जात्रा एवम् नाचलाई व्यवस्थित तरिकाबाट निरन्तररूपमा सञ्चालन गर्ने विश्वास दिलाउन चाहन्छु ।

*(लेखक नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्थाका प्रमुख सल्लाहकार हुनुहुन्छ ।)*

# कर्णालीका स्थानीय तहलाई अनुदान वृद्धि

सुर्खेत, ३ असार । कर्णाली प्रदेश सरकारले आगामी वर्ष २०८३/८४ का लागि ७९ वटा स्थानीय तहलाई दिँदै आएको अनुदान वृद्धि गरेको छ । स्थानीय तहलाई करिब प्रदेश सरकारले २० प्रतिशत अनुदान वृद्धि गरेको आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले जानकारी दिनुभयो ।

मन्त्री शाहले आगामी वर्षका लागि प्रदेशका ७९ स्थानीय तहलाई रु. पाँच अर्ब ५४ करोड ७२ लाख वित्तीय हस्तान्तरण गरिएको बताउनुभयो । चालु आर्थिक वर्षको तुलनामा २०.८५ प्रतिशत अर्थात् रु. ९५ करोड ७२ लाख बढी रहेको छ । चालु आवमा रु. चार अर्ब ५९ करोड स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको थियो ।

आगामी आवका लागि सङ्घ सरकारबाट प्रदेशलाई समेत अनुदान बढेर आएको छ । प्रदेश सरकारले पनि सोहीअनुसार स्थानीय सरकारलाई वित्तीय हस्तान्तरणमा बढावा दिएको हो । समपूरक अनुदान रु. ४२ करोड चार लाखले वृद्धि गरिएको छ । चालु आवमा रु. ७६ करोड ४६ लाख दिइएकामा आगामी वर्ष रु. एक अर्ब १८ करोड ५० लाख उपलब्ध गराइने मन्त्री शाहले बताउनुभयो ।

यो वर्ष वित्तीय समानीकरण अनुदान रु. पाँच करोडले वृद्धि गरिएको अर्थमन्त्री शाहले बताउनुभयो । चालु आव रु. ९५ करोड उपलब्ध गराएको यो अनुदान अहिले बढाएर रु. एक अर्ब पुऱ्याइएको छ ।

उक्त अनुदान प्रदेश सरकारको स्थापनाकालदेखि गत वर्षसम्म ८० करोडका दरले प्रदान गरिँदै आएको थियो । चालु आवदेखि समानीकरण अनुदान वृद्धि हुनथालेको हो । समपूरक अनुदान रु. ४२ करोड चार लाखले वृद्धि गरिएको छ । चालु आवमा रु. ७६ करोड ४६ लाख दिइएकामा आगामी वर्ष रु. एक अर्ब १८ करोड ५० लाख उपलब्ध गराइने आर्थिक मामिलामन्त्री शाहले बताउनुभयो ।

प्रदेश र स्थानीय तहको लागत साझेदारीमा कार्यान्वयन गरिने आयोजनाका लागि हो । मन्त्री शाहले भन्नुभयो, "दुई तहबिच आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी स्थानीय तहबिचको सामाजिक, आर्थिक तथा पूर्वाधार विकासमा सन्तुलन कायम गर्न अनुदान रकम बढाइएको हो । यसले स्थानीय तहलाई प्रदेश सरकार आफूसँगै रहेको अनुभूति गरोस् भन्ने हो ।"

प्रदेश सरकारले विशेष अनुदान रकम रु. १० करोड ७० लाखले वृद्धि गरेको छ । विशेष अनुदानलाई व्यवस्थित गर्न स्थानीय तहको मागका आधारमा उक्त शीर्षकको रकम रु. ३६ करोडबाट ४७ करोड ५० लाख पुऱ्याइएको छ ।

प्रदेश सरकारले स्थानीय तहलाई शर्त राखेर दिइने अनुदानमा भने यसपटक भारी कटौती गरेको छ । चालु वर्ष रु. दुई अर्ब ५१ करोड रहेको सशर्त अनुदानलाई घटाएर आगामी वर्षका लागि रु. एक अर्ब ७३ करोड ६१ लाखमा झारिएको छ ।

सशर्त अनुदान घट्नु र वित्तीय समानीकरण अनुदान बढ्नुले स्थानीय तहले आफ्नो आवश्यकताअनुसार स्वतन्त्र रूपमा योजना छनोट र खर्च गर्न पाउने वित्तीय स्वायत्ततालाई प्रोत्साहन गरिएको सरकारले जनाएको छ ।

गरिबी निवारणमा योगदान पुऱ्याउने उद्देश्यसहित स्थानीय तहमा रु. एक अर्ब १५ करोड ४० लाख वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको प्रदेश सरकारले जनाएको छ । ***रासस***

।सम्पादकीय।

# शिक्षामा प्राथमिकता दिनु आवश्यक

नेपालजस्तै सानो देश प्रजातान्त्रिक जनगणतन्त्र कोरिया बुद्धिजीवीकरणको अभियानमा छ । तर, नेपाल भने अहिलेसम्म साक्षर देश पनि बनेको छैन । शिक्षामा अघि बढेको देश विज्ञान र प्रविधिमा पनि अघि बढेको हुन्छ । शिक्षामा अघि बढेको देशमा देशका लागि आवश्यक जनशक्ति तयार भएको हुन्छ । अध्ययन र अनुसन्धानमा अघि बढेको हुन्छ । त्यस्तो देशमा वैज्ञानिक र विशेषज्ञहरू तयार भएको हुन्छ । नेपालमा सरकार र सत्तारुढ दलको बेवास्ता र अदूरदर्शिताले गर्दा न देश साक्षर मुलुक बन्यो न त शिक्षाको ज्योति विकट, दुर्गमसम्म या देशभर पुग्यो ।

सरकारी विद्यालयको शिक्षा स्तरीय हुनुपर्थ्यो । सरकारबाट सञ्चालित विद्यालयमा सरकारले शिक्षकको लागि तलबको व्यवस्था गरेको हुन्छ । विद्यालय भवन बनाउन, विस्तार गर्न सरकारले अनुदान दिएको हुन्छ । विद्यालयको लागि आवश्यक शैक्षिक र भौतिक सामग्रीको पनि व्यवस्था गर्नुपर्ने थियो । विद्यालय सञ्चालनको लागि चाहिने स्रोत र साधन सबै सरकारले व्यवस्था गर्नुपर्थ्यो । कति विद्यालयमा भवन, भौतिक साधन र शैक्षिक सामग्रीको बन्दोबस्त छैन । त्यस्तो विद्यालयको शैक्षिक स्तर कसरी उठ्छ ? यसको लागि सरकारले आवश्यक जनशक्ति, स्रोत र साधनको व्यवस्था गर्नुपर्छ । विद्यालयमा सबै स्रोत र साधन तथा आवश्यक शिक्षकको बन्दोबस्त छ भने विद्यार्थी अभाव हुने छैन । अहिले सरकारी विद्यालय सुक्दै गएको कारण सरकारले विद्यालय मर्ज गर्ने नीति ल्याएको छ । विद्यालय मर्ज गरेर शिक्षक हटाउँदा आर्थिक भार घटे पनि शिक्षाको स्तर बढ्दैन ।

सरकारको नेतृत्व गरेको रास्वपाले संविधानमा व्यवस्था भएअनुसार मावि तहसम्मको नि:शुल्क शिक्षा क्रमश: लागू गर्ने बाचा गरेको थियो । सरकारले त्यो बाचा पूरा गरेन । विद्यार्थीलाई सुधार गर्ने प्रक्रिया अपनाउनुभन्दा विद्यार्थी सङ्ख्या नपुगेको विद्यालयलाई मर्ज (गाभ्ने) कुरा अघि बढायो । विद्यालयमा देखिएको कमजोरी पक्ष पत्ता लगाएर निकास खोज्नुभन्दा सरकारले विद्यालय नै बन्द गर्ने सजिलो नीति लियो । सरकारी विद्यालयको स्थितिबारे हरेक दिनजसो सञ्चारमाध्यममा आइरहेको छ । हरेक वर्ष विद्यार्थी घट्दै गएको र बन्द हुने स्थितिमा पुगेको खबर पनि सञ्चारमाध्यममा आइरहेको छ ।

समाचार स्रोतअनुसार देशमा २५ हजार ६ सय २३ वटा सामुदायिक विद्यालयमध्ये १३ हजार ७ सय २६ वटा विद्यालयमा एक सयभन्दा कम विद्यार्थी छन् । आधाभन्दा बढी सामुदायिक विद्यालयमा १ सय जनाभन्दा कम विद्यार्थी अध्ययनरत रहेको तथ्यले देशको सार्जजनिक विद्यालयको स्थिति कस्तो रहेछ भन्ने थाहा हुन्छ । कति सामुदायिक विद्यालय निजी विद्यालयभन्दा राम्रा छन्, शिक्षाको स्तर र नतिजा पनि निजी विद्यालयको भन्दा कम छैन । विद्यार्थी सङ्ख्या धेरै भएका सामुदायिक विद्यालय पनि नभएको होइन । त्यहाँको विद्यालय व्यवस्थापन, नेतृत्व, लगानी अथक मेहनत, सामूहिक भावना, आर्थिक पारदर्शिता आदिमा खेलेको भूमिकाले कति सामुदायिक विद्यालय देशकै निम्ति उदाहरणीय या नमुना बनेका छन् ।

विद्यालय मर्ज गर्दा कार्यरत शिक्षकहरूलाई के गर्ने ? उनीहरूको रोजगारी यथावत राख्ने कि खोस्ने ? रोजगारी गुमेपछि उनीहरूको जीवन कसरी निर्वाह हुन्छ ? मर्ज गर्दा स-साना विद्यार्थीहरू मर्ज गरिएको स्कूलमा पढ्ने वातावरण बन्छ कि बन्दैन ? बाटो घाटोकै समस्या हुन्छ । ओहोरदोहोर गर्न निकै समय लाग्छ । बाटोकै कारण विद्यार्थी विद्यालयमा समयमा पुग्दैन । अनि उनीहरूको शैक्षिक स्तर कसरी हुन्छ ? गाउँपालिका र नगरपालिकाको निर्णय र सिफारिसको आधारमा अहिले कति विद्यालयलाई मर्ज गरिसकेको छ । विद्यार्थी अभाव भएको कारण देखाइ कति स्थानीय तहले विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलानमा जुटेको खबरमा छापामा आएको छ । सरकारले चाहेर पनि विद्यार्थीलाई एकीकृत गर्न सक्दैन । छरिएर रहेका विद्यार्थीलाई एकीकृत गर्न बस्तीस्तरमा छात्रावास सञ्चालन कति सम्भव हुन्छ ?

एउटा विद्यालयमा १०/१५ जना विद्यार्थी राखेर पठन पाठनको व्यवस्था गर्नु व्यवहारत: उचित होइन । कति विद्यालयमा शिक्षक र विद्यार्थी झण्डै बराबरको स्थितिमा छ । विद्यालयको यो समस्याको निकास खोज्नुपर्छ; निकास खोजेर विद्यालय सुचारु गर्नुपर्छ । एकचोटि विद्यालय बन्द गरेपछि अर्को स्वीकृति लिन गाह्रो हुन्छ । जनसङ्ख्याको चाप अनुसार विद्यालय सञ्चालन स्वीकृति दिनुपर्नेमा उल्टो बन्द गरेपछि कतै बालबालिकाहरू शिक्षाबाट वञ्चित हुँदैनन् ? शिक्षाबाट वञ्चित भयो भने सरकारको लक्ष्यअनुसार देश कसरी साक्षर हुन्छ ? देशको लागि आवश्यक जनशक्ति कसरी पूर्ति हुन्छ ?

समयको गतिसँगै शिक्षाको स्तर बढ्दै जानुपर्ने हो । जनसङ्ख्या वृद्धिसँगै विद्यालय र कलेजको सङ्ख्या बढ्दै जानुपर्ने हो । सरकारले त गाउँ र नगरमा आवश्यकताअनुसार शिशु स्याहार केन्द्रहरू सञ्चालन गर्नुपर्ने हो । बिचमा कक्षा छोडेका तर उमेर पुगेका व्यक्तिहरूको निम्ति छुट्टै विद्यालय सञ्चालन गर्नुपर्ने हो । आदर निकेतन खोल्नुपर्ने हो । विदेशीहरूको स्कूल, कलेज बन्द गरेर सरकारले सञ्चालन गर्नुपर्ने हो । जहाँ जहाँ सरकारी स्कूल सञ्चालन भइरहेको हो, त्यहाँ त्यहाँ विद्यालयको निम्ति दक्ष जनशक्ति, शैक्षिक सामग्री, भौतिक स्रोत र साधन आदिको व्यवस्था गर्नुपर्छ । शिक्षामा पर्याप्त बजेट छुट्याउनुपर्छ ।

# भ्रमको बजार र पसिनाको दर्शन एक जनशास्त्रीय विमर्श – १


✍ सत्यजीत

**भूमिका : आदिम श्रमको गर्भ र विचारको पहिलो विस्फोट**

इतिहासको पहिलो महाकाव्य कुनै मन्दिरका भित्ता वा भोजपत्रमा लेखिएको थिएन; त्यो त आदिम मानिसको हत्केलामा उब्जिएको ठेला र निधारबाट खसेको पसिनाको थोपामा कोरिएको थियो । सभ्यताको उषाकालमा जब मानिसले पहिलो पटक ढुङ्गालाई ताछेर हतियार बनायो, गुफाको अँध्यारो भित्तामा रङ घस्यो र आगोको आविष्कार गऱ्यो- ठ्याक्कै त्यहीँबाट विज्ञान र दर्शनको संयुक्त जन्म भएको थियो । तर, विडम्बना ! जसै इतिहास अगाडि बढ्यो, सिंहासनमा बस्ने शासक र मन्दिरको गर्भगृहमा बस्ने पुरोहितवर्गले श्रमको त्यो जीवन्त पुस्तकालयलाई लुटेर त्यहाँ 'भ्रमको एउटा विराट बजार' खडा गरिदिए । तिनीहरूले मानिसलाई आफ्नै हातको सीप र पसिनाको शक्ति बिर्सन लगाएर आकाशको कुनै अदृश्य शक्तिको अगाडि घुँडा टेक्न बाध्य बनाए ।



यो भ्रमको बजारले मनुष्यलाई सिकाउने पहिलो पाठ नै आत्म-समर्पण थियो । "तिम्रो गरिबी, तिम्रो भोक र तिम्रो काँधको भारी तिम्रो पूर्वजन्मको फल हो वा ईश्वरको लीला हो" भन्ने भाष्य निर्माण गरेर श्रमको हुर्मत लिइयो । तर, यो वैचारिक उपनिवेशविरुद्ध मानव विवेकले इतिहासको सुरुवाती कालखण्डदेखि नै विद्रोहको बिगुल फुकेको थियो । पश्चिमा दर्शनको इतिहास पल्टाउँदा हामी थेल्स (




*इशापूर्व छैटौँ शताब्दीको आसपास पश्चिमी जगत् (विशेष गरी ग्रीसको एजियन तटीय क्षेत्र) मा एउटा अभूतपूर्व वैचारिक विस्फोट भयो, जसलाई इतिहासमा 'आयोनियन क्रान्ति' भनिन्छ । थेल्स (Thales of Miletus, ई.पू. ६२४-५४६) भन्दा अगाडिको ग्रीक समाज पूर्ण रूपमा अन्धविश्वास र देवगाथा ( Myths) को बजारमा कैद थियो । अनिकाल पर्नु, भूकम्प जानु, बाढी आउनु वा सूर्य ग्रहण लाग्नुलाई 'जियस' वा 'पोसाइडन' जस्ता काल्पनिक देउताहरूको सनक र क्रोध मानिन्थ्यो । शासक र पुरोहितवर्गले यही दैवी भयको व्यापार गरेर आम जनता र दासहरूको श्रममाथि शासन गरिरहेका थिए ।*

Thales of Miletus, ई.पू. ६२४-५४६) लाई दर्शनको प्रस्थानविन्दु मान्छौं, जसले पहिलो पटक चट्याङ र भूकम्पलाई देउताको रिस नमानी प्रकृतिको भौतिक नियम मानेका थिए । तर, यो तार्किक चेतनाको जरा थेल्सभन्दा पनि अझ पछाडि, आदिम भौतिकवादी चिन्तकहरू र ग्रीक लोक-कथाहरूको गर्भमा लुकेको छ ।

थेल्सभन्दा अघिका पौराणिक तर भौतिकवादी स्वभाव भएका संवाहकहरू - जस्तै होमर (Homer) र हेसियड (Hesiod) का कतिपय सूक्तहरूमा प्रकृतिलाई देवत्वकरण गरिए पनि, संसारको आदि-तत्व 'अन्तरिक्ष' (Chaos) वा 'जल' (Oceanus) लाई मान्ने एउटा सुषुप्त भौतिकवादी धारा बगिरहेको थियो । त्यस्तै, पूर्वीय भूमिमा वेदका ऋचाहरू लेखिनुभन्दा पहिले, सिन्धु घाटीको सहरी सभ्यता निर्माण गर्ने ती अज्ञात सिकर्मी, कुमाले र धातुकारहरूको व्यवहारिक जीवन नै आफैँमा भौतिकवादी दर्शन थियो । उनीहरूका लागि सत्य त्यो अमूर्त मन्त्र थिएन, बरु माटोलाई आकार दिने र तामा गाल्ने ठोस भौतिक प्रक्रिया (Matter) थियो । पछि चार्वाकले त्यसैलाई सूत्रबद्ध गर्दै 'प्रत्यक्ष नै एक मात्र प्रमाण हो' भनी उद्घोष गरे ।

त्यसैले, 'भ्रमको बजार र पसिनाको दर्शन' कुनै उधारो काल्पनिक स्वर्गको कथा होइन । यो त थेल्स, चार्वाक र बुद्धले सुरु गरेको त्यही सनातन तार्किक आन्दोलनको २१ औँ शताब्दीको आधुनिक कडी हो, जसले मानिसलाई आकाशको शून्यताबाट फर्काएर धर्तीको ठोस यथार्थमा उभ्याउँछ । यो दर्शनले घोषणा गर्छ कि संसारलाई मन्त्र वा दैवी आदेशले होइन, बरु प्रकृतिसँग निरन्तर सङ्घर्ष गरिरहेको मानवीय श्रम र पसिनाले बदलेको हो । जबसम्म हामी इतिहासलाई शासक र पुरोहितको कोणबाट निकालेर श्रमजीवी जनताको कोणबाट हेर्दैनौँ, तबसम्म न त दर्शनले आफ्नो वास्तविक भुइँ पाउँछ, न त मानिसले आफ्नो वास्तविक पहिचान । यो भूमिका त्यही भ्रमको पर्दा च्यातेर पसिनाको सर्वोच्चता स्थापित गर्ने वैचारिक शिलान्यास हो ।

**आदिम श्रमशाला र धातु युग: (ई.पू. ३०००-१५००)** :

सभ्यताको वास्तविक इतिहास मन्दिरका पुजारीहरूले मन्त्र उच्चारण गर्नुभन्दा धेरै पहिले, आदिम श्रमशालाका भट्टीहरूमा कोइलाको रापसँगै सुरु भइसकेको थियो । जब हामी इतिहासलाई शासक र पुरोहितको कोणबाट मुक्त गरेर श्रमिक जनताको दृष्टिले हेर्छौं, तब ईशापूर्व ३००० देखि १५०० को काँस्य युग (Bronze Age) धातुको प्रयोग मात्र देखिँदैन, बरु त्यो मानव इतिहासकै पहिलो र सबैभन्दा ठुलो भौतिकवादी वैज्ञानिक क्रान्ति प्रमाणित हुन्छ । सिन्धु घाटी सभ्यता (ई.पू. २५००) का सिर्जकहरू, मेसोपोटामिया र इजिप्टका रैथाने कालिगढहरूले ब्रह्माण्डको सृष्टि कसरी भयो भनेर कुनै अमूर्त ग्रन्थ पढिरहेका थिएनन्; उनीहरू त पदार्थ (Matter) को ठोस स्वभाव र गुणसँग सीधा पौँठेजोरी खेलिरहेका थिए । यस कालखण्डको तथ्यगत विश्लेषणले देखाउँछ कि तामा (Copper) र टिन (Tin) जस्ता दुई फरक र कडा धातुलाई निश्चित तापक्रममा पगालेर, एउटा सर्वथा नयाँ र बढी बलियो मिश्रित धातु 'काँस' (Bronze) को निर्माण गर्नु कुनै दैवी चमत्कार वा धार्मिक अनुष्ठानको परिणाम थिएन । यो त आदिम श्रमिकहरूको अथक श्रम, अवलोकन र प्रयोगशालाबिनाको रासायनिक प्रयोग (Metallurgy) को परिणाम थियो । हलोको फाल, माटोका सुदृढ इँटाहरू, कपडा बुन्ने तान र समुद्रमा चल्ने जहाजहरू मन्त्रको शक्तिले होइन, बरु कालिगढ र सिकर्मीहरूको सामूहिक पसिनाको बलमा निर्माण भएका थिए ।

विडम्बना ! इतिहास लेख्ने शासकवर्गले यो रैथाने विज्ञानलाई सधैँ ओझेलमा पाऱ्यो । तर वास्तविकता के हो भने, संसारको पहिलो भौतिकवादी दर्शनको व्यावहारिक अभ्यास यही श्रमशालामा हुन्थ्यो । श्रम नै ज्ञानको पहिलो स्रोत थियो । माटो, ढुङ्गा र धातुसँग जुधिरहेको श्रमिकवर्गलाई राम्ररी थाहा थियो कि कुनै अदृश्य भगवानको प्राथना गरेर धातु आफैँ पग्लिँदैन, त्यसका लागि कोइलाको आगो र निश्चित भौतिक श्रम नै चाहिन्छ । त्यसैले, नयाँ जनशास्त्रको दृष्टिकोणमा यो आदिम कालखण्ड नै भ्रमको बजारलाई चुनौती दिने पहिलो वस्तुवादी धरातल हो, जहाँ श्रमले पदार्थलाई आकार दिएर आधुनिक मानव सभ्यताको बलियो जग शिलान्यास गरेको थियो ।

**थेल्स र आयोनियन क्रान्ति :**

(ई.पू. ६२४-५४६) : इशापूर्व छैटौँ शताब्दीको आसपास पश्चिमी जगत् (विशेष गरी ग्रीसको एजियन तटीय क्षेत्र) मा एउटा अभूतपूर्व वैचारिक विस्फोट भयो, जसलाई इतिहासमा 'आयोनियन क्रान्ति' भनिन्छ । थेल्स (Thales of Miletus, ई.पू. ६२४-५४६) भन्दा अगाडिको ग्रीक समाज पूर्ण रूपमा अन्धविश्वास र देवगाथा (Myths) को बजारमा कैद थियो । अनिकाल पर्नु, भूकम्प जानु, बाढी आउनु वा सूर्य ग्रहण लाग्नुलाई 'जियस' वा 'पोसाइडन' जस्ता काल्पनिक देउताहरूको सनक र क्रोध मानिन्थ्यो । शासक र पुरोहितवर्गले यही दैवी भयको व्यापार गरेर आम जनता र दासहरूको श्रममाथि शासन गरिरहेका थिए ।

यस्तो सघन भ्रमको बजारमा थेल्सले पहिलो पटक इतिहासकै सबैभन्दा साहसिक तार्किक प्रहार गरे । उनले घोषणा गरे- "ब्रह्माण्डको उत्पत्ति र सञ्चालन कुनै अलौकिक वा दैवी शक्तिबाट भएको होइन, बरु यसको मूल आधार एउटा भौतिक तत्त्व हो र त्यो 'जल' (Water) हो ।" थेल्सको यो निष्कर्ष आजको आधुनिक विज्ञानको कसीमा अपूर्ण देखिए पनि यसको दार्शनिक मूल्य क्रान्तिकारी थियो । उनले प्रकृतिलाई बुझ्न आकाशतर्फ होइन, बरु धर्तीको ठोस पदार्थतर्फ हेर्ने वैज्ञानिक दृष्टिकोण दिए । विचारलाई आकाशको शून्यताबाट धर्तीको यथार्थमा अवतरण गराउने काम यहीँबाट भयो ।

यसको सबैभन्दा ठुलो तथ्यगत प्रमाण ई.पू. ५८५ मे २८ का दिन स्थापित भयो, जब थेल्सले खगोलीय गणना र गणितीय अवलोकनका आधारमा सूर्यग्रहण लाग्ने सही समयको पहिलो भविष्यवाणी गरे । ग्रहणलाई 'राहु-केतु' वा 'देउताको सराप' ठानेर मन्त्र पढ्ने संभ्रान्त वर्गका अगाडि थेल्सको यो तार्किक विजयले दैवी डरको साम्राज्यलाई जरैदेखि हल्लाइदियो । उनका शिष्य अन्याक्सिमान्डर (ई.पू. ६१०-५४६) ले त अझ अगाडि बढेर जीवहरूको विकास हिलो र पानीबाट (Evolution) भएको आदिम भौतिकवादी सिद्धान्त अघि सारे । यो आयोनियन क्रान्ति वास्तवमा शासकवर्गले जनतालाई मानसिक रूपमा दास बनाउन फैलाएको भयको बजारविरुद्ध श्रम र तर्कको पहिलो दार्शनिक विद्रोह थियो ।

*(यो आलेख लेखक सत्यजीत फेसबुकबाट साभार गरिएको हो ।)*


# सत्यमोहन जोशीको गन्तव्य : अरनिकोको खोज

✍ नरेन्द्रराज प्रसाई

सत्यमोहन जोशीलाई पुरातत्त्व विभागको निर्देशकको पदबाट बलजफ्ती हटाएपछि उनी चीन गएका थिए । त्यतिबेला चीन जाँदा उनले आफूले काम गरेको ठाउँमा चिनियाँ बुद्धिजीवी र विद्यार्थीलाई पनि रिझाएका थिए । त्यसैले नेपाल प्रज्ञाप्रतिष्ठानको पदावधि सकिएपछि पनि चिनियाँहरूको अनुरोधमा उनी फेरि चीन गए । वास्तवमा ती अनुरोधकर्ताहरू सत्यमोहन जोशीले पहिला पढाएका विद्यार्थीहरूमध्येकै थिए । "हामीले विश्वविद्यालयमा अहिले गतिलो नेपाली विभाग पनि स्थापना गरेका छौँ । तपाईँलाई उच्च आसनमा राखेर हामी काम गर्न चाहन्छौँ" भनेर अनुरोध गरेपछि जोशीले आफ्नो पाइला फेरि चीनतिर बढाएका थिए ।

सत्यमोहन जोशी चीन गएपछि नयाँ कुराको खोजीमा लागे । त्यसैले, नेपाली भाषाको परिमार्जन र विद्यार्थीको स्तर उकास्ने काममा पनि उनी लागे । नेपाली भाषा, साहित्य र संस्कृतिका विषयमा चिनियाँहरूलाई ज्ञान दिने विषयमा जोशी फेरि पनि केन्द्रित हुन थाले ।

चीनमा बसेका बेला सत्यमोहन जोशीमा थप अर्को काम गर्ने इच्छा पलायो । कुरा के हो भने उनले अरनिकोका विषयमा अरू विषयवस्तु जान्न चाहे । त्यही परिणतिका कारण उनी १३ औँ शताब्दीमा नेपालबाट चीन पुगेका नेपाली कलाकार अरनिकोका बारेमा अध्ययन, अनुसन्धान र चिन्तन गर्न लागे । त्यस विषयमा उनले भने, "त्यहाँ मेरो खास कामलाई नबिगारी मैले फुर्सद र छुट्टीका समयमा अरनिकोकै बारेमा अनुसन्धानमा लागेँ ।" त्यतिबेला उनलाई काम गर्नका लागि भाषाको समस्या पनि परेन । किनभने, उनले तयार गरेका विद्यार्थीहरूबाट उनले भनेजस्तो सहयोग पाई नै रहे ।




श्वेत चैत्यको निर्माण नेपाली वास्तुकलाविद् अरनिकोले आजभन्दा सात सय वर्षअघि अर्थात् सन् १२७१ मा युआन वंशका सम्राटद्वारा त्यसबेला कार्यान्वित गर्न लगाएका प्रमुख योजनाहरूअन्तर्गत सुरु गरी जम्मा ८ वर्ष लगाएर सन् १२७९ मा पूर्ण गरेका थिए । चीनको राजधानी पेइचिङको मध्यभागमा श्वेत चैत्य अवस्थित भएको कुरा सत्यमोहन जोशीले चीनमा पुगेताक सुरुमै देखेका थिए ।

सत्यमोहन जोशीले चीन पुगेकै बेला त्यहाँको राजधानीस्थित पुरातात्त्विक सामग्री प्रस्तुत हुने भव्य भवनको सभाकक्षमा नै नेपाली वास्तुकलाविद् अरनिको (चिनियाँ नामक आनिक) को नाम र उनको अमरकृति श्वेतचैत्यको सङ्क्षिप्त परिचय प्रस्तुत गरेको पनि देखेका थिए । यसबारे उनले भने, "यहाँको प्रदर्शनीकक्षको निरीक्षण गर्दा श्वेत चैत्यका विषयमा जनगणतन्त्र चीन सरकारले लाखौँ रूपैयाँ खर्च गरी जीर्णोद्धार सुधार र संरक्षणका लागि उठाएका विभिन्न प्रशंसनीय कार्यहरूको जानकारी गर्न पाइन्छ । यहाँ श्वेतचैत्यको जीर्णोद्धार गरिँदा (चीनमा १९७६ मा गएको महाभूकम्पले श्वेत चैत्यको उपल्लो भागमा निकै नराम्रोसँग बिगारेको थियो) त्यसको विशालकाय गजुरको कलशाकार गर्भकाय र मण्डपाकारको आसनभित्र प्राप्त भएका अमूल्य बौद्धकला कृतिहरू, अभिलेखहरू, धर्मग्रन्थहरू पनि प्रदर्शनीका लागि राखिएका छन् । प्राय: धेरैजसो सामग्रीहरू छिङवंशका सम्राटले १७५३ मा श्वेत चैत्यको जीर्णोद्धार गरी गजुरको भित्री भागमा अमूल्य सामग्रीहरू सञ्चित गरी चढाएको विवरण पाइन्छ ।"

अनि मुख्यतया यहाँ नेपाली वास्तुकलाविद् अरनिकोको जीवनी र उनका अमरकृतिहरूको विवरणयुक्त दुईवटा पुस्तकको नाम हो युआन श ले च्वाश च्याउ कुङ यी (अर्थात्, युआन वंशको इतिहास, १९ औँ परिच्छेद हस्तकला) । कलाकारको विषय भएको यस पुस्तकमा सबभन्दा पहिले नेपालका कलाकार अरनिकोको बारेमा प्रमाणिक विवरण दिइएको पाइन्छ । अनि अर्को पुस्तकको नाम हो श्वै लौ ची चुआन् छि । यस पुस्तकको सातौँ परिच्छेदमा पनि युआन वंशका एक जना नामी लेखक चेन चू फूले नेपाली कलाकार अरनिकोको बारेमा लेखेका ऐतिहासिक विवरणहरू पाइन्छन् । अनि यी सबका अतिरिक्त, यहाँ सन् १३४३ देखि वर्तमान कालसम्म समयसमयमा श्वेत चैत्य विषयक भएका जीर्णोद्धार सुधार कार्यका विवरण तालिका पनि प्राप्त हुन्छन् ।

सत्यमोहन जोशीका विद्यार्थीले जोशीलाई अरनिकोको जीवन कथा लेख्न खुबै मद्दत गरे । उनले त्यहाँ पुरानापुराना चिनियाँ लिपिहरूको पनि सङ्ग्रह गर्न थाले । तर, पुरानो चिनियाँ भाषा त्यहाँका आधुनिक विद्यार्थीले पनि बुझ्न सक्तैन थिए । त्यसैले उनीहरूले पनि पुराना र बूढा पण्डितहरूसँग अनुनय गरेर त्यसको अनुवाद गराउँथे । त्यही क्रममा चीनभरि छरिएका अरनिकोका सामग्री जोशीले यथेष्ट रूपमा भेला पार्ने काम गर्न थाले ।

सत्यमोहन जोशी अरनिकोका विषयमा जानकारी लिन आफ्ना विद्यार्थीका साथ अरनिकोको समाधिस्थल पनि पुगेका थिए । त्यहाँ अरनिकोको एउटा शिलालेख पनि राखिएको रहेछ । त्यो बेहोरा पनि उनले आफ्ना विद्यार्थीमार्फत थाहा पाए । त्यतिबेला उनी ज्यादै हौसिएका थिए । किनभने चिताएको भन्दा धेरै सामग्री बटुल्ने अवसर उनले पाएका थिए । त्यतिखेर उनले सबैतिरबाट अरनिकोको दस्तावेज सङ्ग्रह गरेर त्यस विषयमा एउटा ग्रन्थ नै तयार गर्ने हिसाबमा पुगेका थिए ।

सत्यमोहन जोशी सर्वप्रथम २०१६ सालमा चीन गइसकेका थिए । त्यतिबेला धर्मोदय सभाका अध्यक्ष भिक्षु डा. अमृतानन्दको नेतृत्वमा जोशी पनि अरू पाँच जना साथीसहित चीनको सद्भावना भ्रमणमा गएका थिए । त्यतिबेलै उनले चिनियाँहरूसँग अरनिकोका विषयमा आवश्यकीय जानकारी लिइसकेका थिए । त्यहाँबाट फर्केपछि उनले अरनिकोका विषयमा व्याख्या विश्लेषणसहितको एउटा लेख पनि लेखे । त्यो लेख उनी आफू पुरातत्त्व विभागको निर्देशक भएपछि छापेका थिए । यसै विषयमा सत्यमोहन जोशीले 'कलाकार अरनिको' (२०४४) नामक कृतिमा लेखेका छन्,

"सन् १९५६ नोभेम्बर (वि.सं. २०१३ कार्तिक ३०-मार्ग ५) मा काठमाडौँमा धर्मोदय सभाको तत्त्वावधानमा विश्व बौद्ध सङ्घको 'चतुर्थ विश्व बौद्ध सम्मेलन' सम्पन्न भएको थियो । त्यस सम्मेलनमा जनगणतन्त्र चीनका चिनियाँ बौद्ध प्रतिनिधिमण्डलले पनि भाग लिएको थियो । सम्मेलनको समाप्तिमा चिनियाँ बौद्ध प्रतिनिधिमण्डलले धर्मोदय सभालाई चीनका बौद्ध स्थलहरू निरीक्षण गर्न निम्तो दिएर गएको थियो । त्यसबेला धर्मोदय सभाको कार्यकारिणी समितिमा म पनि एक जना सदस्य थिएँ ।"

पछि, २०१६ साल साउनमा धर्मोदय सभाका अध्यक्ष भिक्षु डा. अमृतानन्दको नेतृत्वमा चीनको सद्भावना भ्रमणमा जाने ६ सदस्यीय बौद्ध प्रतिनिधिमण्डलमा म पनि सम्मिलित भएँ । पेइचिङमा केही दिन बस्दा, तेर्‍हौँ शताब्दीमा नेपालका एक जना सपूत कलाकार अरनिकोले बनाएको 'श्वेतचैत्य' र त्यसको हाताभित्रको बौद्ध महाविहार निरीक्षण गर्ने सौभाग्य मैले पाएको थिएँ । त्यसबेला नेपाली बौद्ध प्रतिनिधिमण्डललाई अरनिकोकृत श्वेतचैत्यले निकै प्रभावित पारेको थियो । अनि नेपाल फर्केपछि, मैले 'नेपाली कलाकार अरनिको र उनका कलाकृति' शीर्षकमा एउटा लामो लेख लेखेको थिएँ र त्यो 'पुरातत्त्व एक रोचक कथा' नामक पुस्तकमा प्रकाशित पनि भयो ।

"त्यही बेलादेखिन् अरनिकोसम्बन्धी अझ बढी अध्ययन र अन्वेषण गर्ने मेरो प्रबल जिज्ञासा रहिरहेको थियो । पछि संयोगवश कविवर केदारमान 'व्यथित' को असीम अनुकम्पा पाई उहाँकै निर्देशनमा मलाई फेरि पेइचिङ जाने सौभाग्य मिल्यो । यसका लागि 'व्यथित' मा म सश्रद्धा आभार व्यक्त गर्दछु । अनि यसपटक क्वाम्पोसुयेन (पेइचिङ ब्रोड्कास्टिङ इन्स्टीच्युट) मा चिनियाँ विद्यार्थीहरूलाई 'नेपाली भाषा' सिकाउने काममा म फेरि पेइचिङ पुगेँ । तर, केही महिनापछि त्यहाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिले भयङ्कर रूपमा धरपकड गर्दा, श्वेतचैत्य अवस्थित 'म्याउयिङ श' बौद्ध महाविहारको प्रवेशद्वार नै बन्द भयो । त्यसैले त्यो बेला चार वर्ष (सन् १९६५–१९६९) पेइचिङमा बस्दा पनि, श्वेतचैत्यसम्बन्धी अध्ययन, अन्वेषण गर्ने प्रसङ्गमा चासोसम्म लिने काम पनि सम्भव हुन सकेन । केवल पेइचिङको फूच्छमन मार्ग ओहरदोहर गर्दा, काठमाडौँ उपत्यकाका स्वयम्भूनाथ र बौद्धनाथ सादृश्यका 'श्वेतचैत्य' को विशाल गर्भगृह, गगनचुम्बी, छत्रयुक्त त्रयोदश भुवनसहितको सुनको गजुर परैबाट कैयन्पल्ट हेरेर मात्र नै अतृप्त सन्तोष बोकेर पछि म नेपाल फर्कें ।"

"२०३७ सालको सुरुतिर रेडियो पेइचिङको नेपाली प्रसारण सेवामा सघाउ पुर्‍याउन मलाई फेरि पेइचिङ जाने सौभाग्य मिल्यो । मैले नेपाली पढाएका चिनियाँ विद्यार्थीहरू सबैजना आ-आफ्ना काममा लागिसकेका थिए, कोही रेडियो पेइचिङमा, कोही दक्षिण एसिया अध्ययन संस्थानमा, कोही विदेशी भाषा अध्ययन संस्थानमा, कोही परराष्ट्र सेवामा, कोही काठमाडौँस्थित चिनियाँ राजदूतावासमा, कोही नेपालमा सञ्चालन भइराखेका चिनियाँ सहयोग प्राप्त परियोजनाहरूमा । त्यसबेला दस वर्षसम्म मच्चिएको महान् सर्वहारा सांस्कृतिक क्रान्ति ( सन् १९६६-१९७६) पनि टुङ्गिएर पेइचिङमा नयाँ उमङ्गको लहर चलिसकेको थियो ।"

सौभाग्यवश एक दिन जुलाई २, १९०० तारिखको सिन्ह्वा समाचार बुलेटिनमा नेपाली कलाकार अरनिकोले बनाएको 'श्वेतचैत्य' निरीक्षण गर्न पर्यटकहरूका लागि खुला गरिएको एउटा समाचार प्रकाशमा आयो । त्यसपछि चिनियाँ उपासक उपासिकाहरूकै पङ्क्तिमा हामीहरू - मेरी श्रमिती राधादेवीसहित म पनि 'श्वेतचैत्य' महाविहारमा नियमित रूपले जान लाग्यौँ । अष्टमी र पूर्णिमामा बुद्ध पूजा गर्ने क्रमहरू चालू भए । अनि यतैबाट फुर्सतको समयमा अरनिकोकृत श्वेतचैत्यसम्बन्धी अध्ययन र अन्वेषण गर्ने मेरो लामो समयदेखिको जिज्ञासालाई साकार रूप दिन एउटा निजी परियोजना सुरु भएको थियो ।

विशेषत: अरनिकोसम्बन्धी अध्ययन अन्वेषण सामग्रीहरूको मूलस्रोत मानिएको ग्रन्थ 'स्वएलौची' को चिनियाँ मूलको प्रतिलिपि पेइचिङ विश्वविद्यालयको पुस्तकालयबाट उपलब्ध गराइदिने चाङह्वई लान् (नेपाली नाम सुशीला) ले तथा त्यस ग्रन्थको व्याख्या गरिदिने काममा सघाउ पुर्‍याइदिने लू चन ह्वा (नेपाली नाम राममान) ले मप्रति बिर्सन नसक्नुका गुन लगाइदिएका छन् । यी दुवै जना मेरा विद्यार्थी साथीहरू हाल पेइचिङ विश्वविद्यालय र सामाजिक विज्ञान प्रतिष्ठानअन्तर्गत दक्षिण एसिया अध्ययन संस्थानमा नेपालसम्बन्धी अध्ययन अन्वेषणमा कार्यरत छन् । यसै अध्ययन संस्थानका एक अर्का मित्र सहप्राध्यापक वाङ होङ वैले पनि मेरो अन्वेषण कार्यमा सघाउ पुर्‍याइदिनुभएको छ । रेडियो पेइचिङको सहकर्मी विद्यार्थी साथीहरू (ली छन्, मिन यी, सुइ वै, सुहाउ, चाउ, सुन, वाङ, च्या, युफुङ, ल्यू होङ स्याङ) ले पनि मेरो अन्वेषण कार्यमा समयसमयमा सघाउ पुर्‍याइदिएका छन् ।"

सत्यमोहन जोशी अरनिकोको खोज गर्ने क्रममा एकपटक श्वेतचैत्यमा पनि पुगे । त्यहाँ पुगेपछि 'प्रवेश निषेध' लेखिएको बेहोरामा उनका दृष्टि पुगे । तर, उनका विद्यार्थीले जोशीको परिचय दिएर अनुरोध गरेपछि उनीहरूले त्यहाँ छिर्ने अनुमति पाएका थिए । त्यतिबेला जोशी आफ्नी श्रीमती राधादेवी पनि लिएर त्यस काममा लागेका थिए । त्यस ठाउँमा पुगेर उनीहरूले पूजा अर्चना पनि गरे । हुन त बाल्यकालदेखि सदैव जोशीले आफ्नो घरमा नित्यपूजा गर्ने गरेका थिए । उनी चीन गए पनि उनले पूजाआजामा पनि आफूलाई सरिक गराइरहे ।

त्यस ठाउँमा श्वेतचैत्यको तस्बिर खिच्न निषेध लेखिएको थियो । यति हुँदाहुँदै पनि उनले त्यहाँ फोटो खिच्न सम्बन्धितहरूसँग अनुमति मागे । उनले आफ्नो कामको प्रकृति पेस गरेपछि त्यस चाहनामा पनि जोशी सफल भए ।

अरनिकोलाई नेपालको राष्ट्रिय विभूति बनाउन सत्यमोहन जोशीको ठुलो हात रहेको छ । उनी चीन गएर नेपाल फर्केपछि उनले अरनिकोको विषयमा व्यापक प्रचारप्रसार गरे । त्यसपछि मात्र नै अरनिकोका नाउँमा हुलाक टिकट पनि निक्ल्यो । त्यो टिकट निकाल्ने विषयको पनि एउटा सानो कथन छ । कुरा के रहेछ भने २०४० सालमा चीनका राष्ट्रपति ली सियन नियनले नेपालको राजकीय भ्रमण गरेताका राजा वीरेन्द्रलाई उनले एउटा पुस्तक उपहार दिएका थिए । त्यस पुस्तकको नाउँ 'सत्धर्म सूत्र' हो । राजा वीरेन्द्रले त्यो उपहारलाई धेरै मन पराएका थिए । त्यस कृतिमा नेवारीका भूमिबल लिपिमा लेखिएको तालपत्रमा लेखिएको ग्रन्थ तिब्बत पुगेको रहेछ । त्यहाँबाट त्यो ग्रन्थ पेइचिङमा पुगेको रहेछ । त्यहाँको अल्पजातिमा रहेको सङ्ग्रहालयमा त्यस ग्रन्थलाई पनि राखिएको जोशीले थाहा पाए । त्यही ग्रन्थबाट हुबहु तस्बिर रूपान्तर गरेर राष्ट्रपतिले राजालाई उपहार दिएका रहेछन् ।

चीनका राष्ट्रपतिले नेपालको राजकीय भ्रमण गरेपछि राजा वीरेन्द्र पनि चीन गए । राष्ट्रपतिको निम्तामा राजाको पनि त्यो राजकीय भ्रमण थियो । त्यसबेला राजाले चिनियाँ राष्ट्रपतिका लागि उपहार पनि लाने कार्यक्रमको सुइँको साझा प्रकाशनका महाप्रबन्धक कृष्णचन्द्रसिंह प्रधानले थाहा पाएका थिए । अनि प्रधानले जोशीलाई भनेका थिए, "तपाईँको अरनिकोको सम्बन्धमा लेखरचना त आइरहेकै छ । तपाईँले अरनिकोको विषयमा एउटा राम्रो किताब पनि तयार गर्नुपर्‍यो । समयमा नै तपाईँले त्यो किताब तयार गर्नुभयो भने राजा वीरेन्द्रले राष्ट्रपतिका लागि उपहारका रूपमा चीन लिएर जान्छन् ।"

कृष्णचन्द्रसिंह प्रधानका आग्रहमा सत्यमोहन जोशी अहोरात्र अरनिकोबारे किताब लेख्ने काममा लागे । अनि उनले निर्दिष्ट समयमा किताब पनि तयार गरे । जोशीकृत 'कलाकार अरनिको' नामक कृति साझा प्रकाशनबाट नै छाप्ने कुरा चलेको थियो । किनभने, त्यो ग्रन्थको विषयसूची नै महत्त्वपूर्ण थियो । तर, जोशीका अर्का घनिष्ट मित्र गजानन्द वैद्यले राजाले त्यो किताब चीन लिएर जान्छन् भन्ने सुनेका थिए । त्यसैले, त्यस ग्रन्थको सम्पूर्ण खर्च वैद्यले नै उपलब्ध गराएका थिए । त्यो ग्रन्थ ज्यादै थोरै समयमा प्रकाशनमा आएको थियो । साथै त्यस ग्रन्थको मुद्रणको भूमिका कृष्णचन्द्रसिंह प्रधानले मिलाइदिएका थिए । त्यस ग्रन्थमा छापिएका रङ्गिन तस्बिरहरू पनि गजानन्द वैद्यले थाइल्यान्डको बैङ्कक पठाएर छाप्ने अनुकूलको प्रविधि तयार गरेका थिए । वैद्यको दौडधूपका कारण ठीक समयमा नै उक्त ग्रन्थ प्रकाशनमा आएको थियो ।

सत्यमोहन जोशीले लेखेको 'कलाकार अरनिको' राष्ट्रिय पुस्तक प्रदर्शनीमा २०४४ सालको सर्वोत्कृष्ट कृतिका रूपमा घोषित भयो । जर्मनीमा आयोजित विश्व पुस्तक प्रदर्शनी पनि त्यो ग्रन्थ पुगेको रहेछ । त्यहाँ पनि त्यो ग्रन्थले प्रशंसित हुने मौका पाएको थियो ।

सत्यमोहन जोशीले आफू चीन बसेको बेला अरनिकोको शैलीचैत्य विषयलाई लिएर एउटा महाकाव्य पनि लेखे । उनले त्यो महाकाव्य आफ्नै मातृभाषा अथवा भनौँ नेपाल भाषामा लेखेका थिए । अनि त्यो ग्रन्थ चर्चित भएको थियो ।

अन्तत: नेपाल सरकारले अरनिकोलाई राष्ट्रिय विभूतिका रूपमा घोषणा पनि गर्‍यो । अनि यस ऐतिहासिक कार्यलाई सफल बनाउन जोशीले धेरै नै कसरत गरेका थिए ।

**भृकुटी र अरनिकोको थप खोज**

नेपाल चीन सांस्कृतिक परिषद्लाई एकपटक चीनको तिब्बत भ्रमणको निम्तो आएको थियो । त्यसबेला परिषद्का अध्यक्ष मणिहर्ष ज्योतिको नेतृत्वमा तिब्बतको ल्हासा जाने कार्यक्रम तयार भएको थियो । त्यस टोलीमा परिषद्का सदस्यका नाताले सत्यमोहन जोशी पनि सामेल भएका थिए ।

त्यतिबेला नेपाल चीन सांस्कृतिक परिषद्को टोलीका सदस्यहरू कोदारी राजमार्ग हुँदै खासा पुगेका थिए । खासाबाट नै उनीहरू रेलमार्गद्वारा ल्हासा गएका थिए । सत्यमोहन जोशी ल्हासा पुगेको त्यो प्रथम पटक थियो ।

सत्यमोहन जोशीलाई पहिलादेखि नै ल्हासा जाने इच्छा थियो । किनभने, कलाकार अरनिको तिब्बत हुँदै पेइचिङ पुगेको बेहोरा जोशीलाई थाहा थियो । अरनिकोको बारे थप ज्ञान आर्जन गर्नका लागि उनले त्यस ठाउँमा जाने साइत पाइरहेका थिएनन् । त्यसैले उक्त भ्रमण उनका लागि ढुङ्गा खोज्दा देउता मिल्योझैँ भएको थियो ।

कलाकार अरनिकोले तिब्बत बसेताका त्यहाँस्थित ल्हासामा पनि एउटा गुम्बा बनाएका थिए । उनले निर्माण गरेको त्यो गुम्बा निकै चर्चित थियो । त्यसैले त्यसबेला जोशीले त्यस गुम्बाको अवलोकन गरेका थिए । त्यस ठाउँमा गएका अन्य नेपालीहरू आ-आफ्नो भाका र तालमा रहेका थिए । तर, जोशीको आफ्नो यात्राको धीत मार्ने साधन नै अरनिकोको सन्दर्भ नै थियो । त्यसैले त्यसबेला उनले भनेका थिए, "यहाँको मेरो आगमन सार्थक नै भयो बा !"

सत्यमोहन जोशी तिब्बत पुगेपछि राजकुमारी भृकुटीको विषयमा एकोहोरो घोत्लिन थाले । त्यहाँ उनले भृकुटीले बनाउन लगाएको गुम्बा पनि फेला पारे । वास्तवमा त्यतिबेला त्यही बिहारको सेरोफेरोले जोशी नतमस्तक बनिसकेका थिए । साथै त्यहाँ उनले त्यही गुम्बाको एकतला माथि भव्य र आकर्षक मूर्ति पनि देखे । त्यहाँ एकातिर भृकुटीको मूर्ति थियो भने त्यसको बिचमा स्रङ्चङगम्पो र अर्कातिर चिनियाँ राजकुमारीको मूर्ति थियो । त्यतिबेला त्यो दृश्य देखेर उनी गद्गद् भएका थिए ।

भृकुटीलाई तिब्बतीहरूले हरितताराभन्दा रहेछन् । त्यहाँका जनताद्वारा अझै भृकुटीको पूजा हुँदो रहेछ भन्ने बेहोराको पनि उनले त्यतिखेर जानकारी समेटेका थिए । त्यहाँको जनमनले निरन्तर भृकुटीलाई पूजेको बेहोराले सत्यमोहन जोशीलाई आफू नेपाली भएकोमा थप गर्व पनि लागेको थियो ।

तिब्बतमा बसेताका सत्यमोहन जोशीले शाक्य गुम्बाको पनि अवलोकन गरे । हुन त त्यो गुम्बामा पुग्न उनले धेरै कठिनाइ भोगे । उनले त्यहाँ जाने मनसाय राखेपछि चिनियाँहरूले उनलाई त्यहाँ नजाने सल्लाह दिएका थिए । तर, उनी

बाँकी पृष्ठ ८ मा

# विश्व कपमा मेस्सीको ऐतिहासिक दिन



लस एन्जलस, १८ जून (एएफपी)। लियोनेल मेस्सीले विश्व फुटबलमा अर्को ऐतिहासिक उपलब्धि थप्दै आफ्नो छैटौँ विश्वकप सहभागितालाई अविस्मरणीय बनाउनुभएको छ। कप्तान मेस्सीको ह्याट्रिक प्रदर्शनमा साविक विजेता अर्जेन्टिनाले विश्वकप उपाधि रक्षा अभियान विजयी सुरुआत गर्दा उहाँ विश्वकप इतिहासका संयुक्त सर्वाधिक गोलकर्ता पनि बन्नुभएको छ।

कन्सास सिटीस्थित ६९ हजार ४५ दर्शक क्षमता भएको एरोहेड स्टेडियममा मङ्गलबार भएको खेलमा ३८ वर्षीय मेस्सीले तीन गोल गर्दै आफ्नो विश्वकप गोल सङ्ख्या १६ पुर्‍याउनुभयो। यससँगै उहाँले जर्मनीका पूर्व स्ट्राइकर मिरोस्लाभ क्लोसको सर्वाधिक १६ गोलको कीर्तिमान बराबरी गर्नुभएको छ।

मेस्सीका लागि यो खेल अर्को कारणले पनि विशेष रह्यो। उहाँले आफ्नो करियरको २०० औँ अन्तर्राष्ट्रिय खेल खेल्दै विश्वकपका छ संस्करणमा सहभागिता जनाउने पहिलो फुटबलरको इतिहास रच्नुभयो। सन् २००६ मा जर्मनीमा किशोर खेलाडीका रूपमा पहिलो विश्वकप खेल्नुभएका मेस्सीले दुई दशक लामो यात्रामा अर्को ऐतिहासिक अध्याय थप्नुभएको हो।

ग्रुप 'जे' अन्तर्गत भएको खेलमा अर्जेन्टिनाले सुरुदेखि नै पकड जमाएको थियो। मेस्सीले १७ औँ मिनेटमा सुन्दर कर्लिङ प्रहारमार्फत गोल गर्दै टोलीलाई अग्रता दिलाउनुभयो। त्यो गोलसँगै उहाँको विश्वकप गोल सङ्ख्या १४ पुगेको थियो, जसले उहाँलाई जर्मनीका गर्ड मुलर र फ्रान्सका किलियन एमबाप्पेको बराबरीमा पुर्‍यायो।

खेलको ६० औँ मिनेटमा एलेक्सिस म्याक एलिस्टरको प्रहार गोलरक्षकबाट फर्किएपछि मेस्सीले रिबाउन्डलाई सदुपयोग गर्दै दोस्रो गोल गर्नुभयो। यससँगै उहाँले ब्राजिलका महान् स्ट्राइकर रोनाल्डोको १५ गोलको कीर्तिमान पनि बराबरी गर्नुभयो।

त्यसपछि ७६ औँ मिनेटमा उहाँले अर्को आकर्षक गोल गर्दै ह्याट्रिक पूरा गर्नुभयो र विश्वकप इतिहासका संयुक्त सर्वाधिक गोलकर्ता बन्नुभयो। चार मिनेटपछि मैदान छाड्दा दर्शकले उभिएर लामो समयसम्म ताली बजाउँदै उहाँलाई सम्मान गरेका थिए।

मेस्सीले सन् २०२२ को दोहा विश्वकपमा अर्जेन्टिनालाई उपाधि दिलाउनुभएको थियो। त्यतिबेला फाइनलमा फ्रान्सलाई पेनाल्टी सुटआउटमा पराजित गरिएको थियो। नियमित समयमा ३-३ को रोमाञ्चक बराबरी भएको उक्त खेलमा फ्रान्सका स्टार किलियन एमबाप्पेले ह्याट्रिक गर्नुभएको थियो।

यसपटक पनि अर्जेन्टिना र फ्रान्स पुनः फाइनलमा भेटिन सक्ने सम्भावना रहेको चर्चा भइरहेका बेला फ्रान्सले पनि आफ्नो अभियान विजयी ढङ्गले सुरु गरेको छ। सेनेगलविरुद्ध ३-१ को जितमा एमबाप्पेले दुई गोल गर्दै आफ्नो प्रभाव कायम राख्नुभयो।

फ्रान्सका प्रशिक्षक डिडिएर डेसच्याम्प्सले एमबाप्पेको प्रशंसा गर्दै आलोचनाका बिच पनि उहाँ असाधारण खेलाडी रहेको बताउनुभयो। उहाँका अनुसार खेल सधैँ योजनाअनुसार नजाने भए पनि एमबाप्पेसँग कुनै पनि क्षण खेलको परिणाम बदल्ने क्षमता छ।

सेनेगलविरुद्धको दुई गोलसँगै एमबाप्पेले ९९ अन्तर्राष्ट्रिय खेलमा ५८ गोल पूरा गर्दै फ्रान्सका सर्वाधिक गोलकर्ताको सूचीमा ओलिभियर जिरुडलाई पछि पार्नुभएको छ। डेसच्याम्प्सले मैत्रीपूर्ण खेलमा गोल गर्न नसके पनि विश्वकपमा रेकर्ड बनाउनु थप विशेष उपलब्धि भएको उल्लेख गर्नुभयो।

यता अर्को स्टार स्ट्राइकर एर्लिङ हालान्डले पनि विश्वकप डेब्यूलाई स्मरणीय बनाउनुभएको छ। समूह 'ए' अन्तर्गत इराकमाथि नर्वेको ४-१ को जीतमा उहाँले दुई गोल गर्नुभयो।

फक्सबरोमा भएको खेलमा हालान्डले २९औँ मिनेटमा गोल गर्दै नर्वेलाई अग्रता दिलाउनुभयो। यद्यपि आयमेन हुसेनको हेडरमार्फत इराकले खेल बराबरी गरेको थियो। तर इराकी रक्षापङ्क्तिको गल्तीको फाइदा उठाउँदै हालान्डले पहिलो हाफ सकिनुअघि पुनः गोल गर्नुभयो।

५१ खेलबाट ५७ अन्तर्राष्ट्रिय गोल गरिसकेका हालान्डको उत्कृष्ट प्रदर्शनमा नर्वेले सहज जीत निकाल्यो। दोस्रो हाफमा लियो ओस्टिगार्डले अर्को गोल थप्नुभयो भने इराकको आत्मघाती गोलले नर्वेको जीत अझ फराकिलो बनायो। सन् १९९८ पछि पहिलोपटक विश्वकपमा फर्किएको नर्वेले यससँगै महत्त्वपूर्ण तीन अङ्क हात पार्‍यो।

नर्वेका प्रशिक्षक स्टेल सोल्बाक्केनले हालान्डले ठूलो मञ्चमा आफूलाई उत्कृष्ट रूपमा प्रस्तुत गरेको बताउनुभयो। खेलअघि नै उहाँलाई हालान्डबाट विशेष प्रदर्शनको अपेक्षा रहेको र त्यसले वास्तविक रूप लिएको उहाँको भनाइ थियो।

मङ्गलबारको अन्तिम खेलमा विश्वकपमा पहिलोपटक सहभागी भएको जोर्डनले समूह 'जे' अन्तर्गत क्यालिफोर्नियाको सान्ता क्लारामा अस्ट्रियाको सामना गर्नेछ।

# सम्झौताअघि नै हर्मज हुँदै तेल निर्यात सुरु

तेहरान, ३ असार (एएफपी)। अमेरिका र इरानबिच शान्ति सम्झौताका अन्तिम वार्ता सुरु हुन दुई दिन बाँकी रहँदा इरानी तेल ट्याङ्करहरू अमेरिकी नाकाबन्दी क्षेत्रबाट बाहिर निस्कन थालेका छन्। यसलाई दुई महिनापछि इरानको पहिलो कच्चा तेल निर्यातका रूपमा हेरिएको छ र मध्यपूर्वमा तनाव कम हुने अपेक्षा बढेसँगै विश्व तेल बजारमा पनि यसको प्रभाव परेको छ।

हर्मुज जलघाँटी पुनः सञ्चालनमा आएको सङ्केत पाएसँगै अन्तर्राष्ट्रिय तेल मूल्य घटेको छ। यहीबिच शुक्रबार स्विट्जरल्यान्डको बर्गेनस्टक पर्वतीय रिसोर्टमा अमेरिका र इरानबिच अन्तिम सम्झौतासम्बन्धी वार्ता सुरु हुने तयारी भइरहेको छ। वार्तामा इरानको आणविक कार्यक्रम र अन्तर्राष्ट्रिय प्रतिबन्ध हटाउने विषय मुख्य एजेन्डाका रूपमा रहने बताइएको छ।

तेल ढुवानी अनुगमन गर्ने 'ट्याङ्करट्र्याकर' वेबसाइटले स्याटेलाइट तस्बिर र डिजिटल ट्र्याकिङ तथ्याङ्कका आधारमा कम्तीमा दुई इरानी सुपरट्याङ्कर अमेरिकी नौसैनिक नाकाबन्दी क्षेत्रबाट बाहिरिएको जनाएको छ। 'डिओना' र 'हिरो-२' नामका ती ट्याङ्करमा संयुक्त रूपमा करिब ३८ लाख ब्यारेल इरानी कच्चा तेल रहेको बताइएको छ। पछि तेस्रो ट्याङ्कर पनि बाहिरिएको जानकारी सार्वजनिक गरिएको थियो।

अधिकारीहरूका अनुसार प्रारम्भिक सहमतिपछि सुरु हुने ६० दिने वार्ताले इरानको आणविक कार्यक्रमको भविष्य र आर्थिक प्रतिबन्ध हटाउने प्रक्रियाबारे अन्तिम निर्णय गर्नेछ।

अमेरिकी पत्रिका वाल स्ट्रिट जर्नलले सम्झौतासँग परिचित स्रोतहरूलाई उद्धृत गर्दै युद्ध अन्त्यसम्बन्धी सहमतिअन्तर्गत अमेरिकाले इरानलाई तत्काल तेल तथा इन्धन बिक्री गर्न अनुमति दिने जनाएको छ। प्रतिबन्ध खुकुलो पार्ने व्यवस्थामा बैङ्किङ, यातायात र बिमा सेवा पनि समेटिने बताइएको छ।

यद्यपि अमेरिकाभित्रै सम्झौताप्रति मिश्रित प्रतिक्रिया देखिएको छ। केही रिपब्लिकन सांसदहरूले ट्रम्प प्रशासनसँग सम्झौताको पूर्ण पाठ र विस्तृत जानकारी माग गरेका छन्। सिनेटका बहुमत नेता जोन थुनले सम्झौताको वास्तविक स्वरूप बुझ्न आवश्यक रहेको बताउनुभयो।

तर शान्ति प्रक्रियामाथि क्षेत्रीय तनाव अझै कायमै छ। इजरायली सेनाले दक्षिण लेबनानमा आफ्ना कारबाही जारी रहेको जनाएको छ भने रकेट प्रहार रोकिएको र प्रक्षेपण स्थलमाथि हवाई आक्रमण गरिएको दाबी गरेको छ।

लेबनानको सरकारी समाचार संस्थाका अनुसार मेफादुन र सुकिन क्षेत्रमा भएका आक्रमणमा कम्तीमा चार जनाको मृत्यु भएको छ। त्यसपछि इरानको केन्द्रीय सैन्य कमान्डले इजरायललाई 'कठोर प्रतिक्रिया' को चेतावनी दिएको छ।

एक वरिष्ठ अमेरिकी अधिकारीका अनुसार राष्ट्रपति डोनाल्ड ट्रम्प, उपराष्ट्रपति जेडी भान्स, इरानका उपविदेश मन्त्री माजिद तख्त-राभान्ची र शीर्ष वार्ताकार मोहम्मद बाघेर घालीबाफले प्रारम्भिक ढाँचा सम्झौतामा विद्युतीय हस्ताक्षर गरिसक्नुभएको छ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले शुक्रबारदेखि इरान र अमेरिकाबिच नयाँ चरणको वार्ता सुरु हुने जानकारी दिँदै अन्तिम सम्झौतामा आणविक मुद्दा र प्रतिबन्ध हटाउने विषयमा निर्णय हुने बताउनुभयो।

हर्मुज पुनः खुल्ने अपेक्षाले विश्व बजारमा तेलको मूल्य घटेको छ। अन्तर्राष्ट्रिय मापदण्ड ब्रेन्ट कच्चा तेलको मूल्य प्रति ब्यारेल ७८.७४ डलरमा झरेको छ भने अमेरिकी वेस्ट टेक्सास इन्टरमिडियेट ७५.८५ डलर प्रतिब्यारेलमा कारोबार भएको छ।

पाकिस्तान र कतारको मध्यस्थतामा भएको अप्रत्यक्ष वार्ताले अन्तरिम सहमतिसम्म पुग्न मद्दत गरेको भए पनि इरानको युरेनियम संवर्धन कार्यक्रम र पश्चिमी प्रतिबन्धजस्ता जटिल विषय अझै समाधान हुन बाँकी छन्। अमेरिका र इजरायलले इरानलाई उच्च संवर्धित युरेनियम भण्डार त्याग्न दबाब दिइरहेका छन् भने इरानले आफ्नो संवर्धन अधिकार कायम राख्ने अडान दोहोर्‍याएको छ।

यसैबिच, ट्रम्पले सम्झौताको पाठ चाँडै सार्वजनिक गर्न सकिने सङ्केत दिनुभएको छ। इरानको रूढिवादी पत्रिका भातान-ए इमरोजले उक्त सम्झौतालाई 'ट्रम्पको आत्मसमर्पण दस्तावेज' भनेर वर्णन गरेको छ।

तर अराघचीले विगतका अनुभव स्मरण गराउँदै सतर्कता आवश्यक रहेको बताउनुभएको छ। उहाँका अनुसार इरानले विगतमा पटक-पटक सम्झौता उल्लङ्घन र प्रतिबद्धता तोडिएको अनुभव भोगिसकेको छ।

उपराष्ट्रपति भान्सले अमेरिकी करदाताको रकम इरानमा नजाने स्पष्ट पार्दै आणविक निरीक्षकहरूलाई इरान प्रवेशको अनुमति दिइने बताउनुभएको छ। यद्यपि इरानी सञ्चारमाध्यमले १२ अर्ब डलर बराबरको रोक्का सम्पत्ति फुकुवा हुन सक्ने दाबी गरेका छन्।

विश्लेषकहरूले भने इजरायल र इरान समर्थित हिजबुल्लाहबिचको समानान्तर द्वन्द्व नै कूटनीतिक प्रयासका लागि सबैभन्दा ठूलो चुनौती बनेको बताएका छन्।

## विश्व सङ्क्षेप

## शान्तिका लागि ट्रम्पसँग दक्षिण कोरियाको आग्रह

सियोल, ३ असार (एएफपी)। दक्षिण कोरियाका राष्ट्रपति ली जे-म्युङले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई उत्तर कोरियासँगको तनाव कम गर्दै कोरियाली प्रायःद्वीपमा शान्ति स्थापना गर्न सक्रिय भूमिका खेल्न आग्रह गर्नुभएको छ। इरानसँगको युद्ध अन्त्यका लागि अमेरिका र इरानबिच सहमति बनेको पृष्ठभूमिमा सियोलले अब वासिङ्टनको ध्यान प्रजग (उत्तर) कोरियातर्फ मोडिने अपेक्षा गरेको देखिएको छ।

दक्षिण कोरियाको राष्ट्रपति कार्यालयले बुधबार जारी गरेको विज्ञप्तिअनुसार फ्रान्समा सम्पन्न जी-७ शिखर सम्मेलनका क्रममा ट्रम्प र लीबिच प्रजग कोरियाको विषयमा विस्तृत छलफल भएको थियो। वार्ताका क्रममा ट्रम्पले अन्तर-कोरियाली सम्बन्धको पछिल्लो अवस्थाबारे चासो व्यक्त गरेका थिए।

त्यस क्रममा राष्ट्रपति लीले मध्यपूर्वमा द्वन्द्व समाधानका लागि ट्रम्पले खेलेको भूमिकालाई उल्लेख गर्दै प्रजग कोरियाली मुद्दाको शान्तिपूर्ण समाधानका लागि पनि नेतृत्व लिन आग्रह गर्नुभएको थियो। राष्ट्रपति कार्यालयका अनुसार ट्रम्पले प्रजग कोरियासम्बन्धी समस्याको समाधानका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

अमेरिका र इरानले शुक्रबार औपचारिक समझदारीपत्रमा हस्ताक्षर गर्ने तयारी गरिरहेका बेला ट्रम्प प्रशासनले अब आफ्नो कूटनीतिक ध्यान प्रजग कोरियातर्फ केन्द्रित गर्न सक्ने अनुमान बढेको छ।

यसैबिच ट्रम्पले सन् २०१८ मा सिङ्गापुरमा प्रजग कोरियाका सर्वोच्चनेता किम जोङ-उनसँग भएको ऐतिहासिक शिखर वार्ताको तस्बिर सामाजिक सञ्जालमा पुनः सार्वजनिक गरेपछि वासिङ्टन-प्योङयाङ संवाद पुनर्जीवित हुन सक्ने अड्कलबाजीलाई थप बल पुगेको छ।

## अमेरिका-इरान सम्झौता घोषणापछि लेबनानका विस्थापितहरूको स्वदेश फिर्ती सुरु : राष्ट्रसङ्घ

न्युयोर्क, ३ असार (क्युएनए)। अमेरिका र इरान बिच भएको सम्झौताको घोषणापछि लेबनानबाट विस्थापित भएका परिवारहरू सावधानीपूर्वक आफ्नो घर फर्कन थालेको संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) ले बताएको छ।

विज्ञप्ति जारी गर्दै ओसिएइचएले दक्षिण लेबनानमा लगभग दुई हजार ७०० मानिसहरूले सोमबार सामूहिक आश्रयहरू छोडेर आफ्नो थातथलो फर्किएको जनाइएको छ। सामूहिक रूपमा आश्रयमा बसोबास गर्दै आएका विस्थापित व्यक्तिहरूको सङ्ख्या विगत चार दिनमा लगभग दश हजारले घटेर शुक्रबार लगभग एक लाख ३४ हजार पुगेको जनाइएको छ।

लेबनानमा आइतबारदेखि हिंसाको तीव्रता घटेको भए पनि दक्षिणी लेबनानमा निरन्तर घटनाहरूको रिपोर्ट गरिएको छ। जसले बासिन्दाहरूको घर फर्किने र स्वतन्त्र रूपमा आफ्नो बासस्थानमा सर्ने क्षमतालाई प्रत्यक्ष असर पारेको जनाएको छ।

यसरी मानिसहरू आ-आफ्नो बासस्थान फर्किरहेको अवस्थामा जमिनमुनि राखिएका हतियारको उपस्थिति एक प्रमुख चिन्ताको विषय बनेको जनाइएको छ। यस सन्दर्भमा, ओसिएइचएले नागरिकहरूको सुरक्षा र दिगो मानवीय सहायताको सुरक्षित, स्वैच्छिक फिर्ती सुनिश्चित गर्न आफ्नो आह्वानलाई नवीकरण गरेको छ।

## अमेरिकाद्वारा पूर्वी प्रशान्त महासागरमा आक्रमण जारी, पछिल्लो आक्रमणमा एक जनाको मृत्यु

वासिङ्टन, ३ असार (एएफपी)। अमेरिकी सैन्य अधिकारीहरूले पूर्वी प्रशान्त महासागरमा मङ्गलबार एउटा डुङ्गामा आक्रमण गर्दा एक जना व्यक्तिको मृत्यु भएको बताएका छन्।

आक्रमण गत सेप्टेम्बरमा राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्देशनमा संयुक्त राज्य अमेरिकाले ल्याटिन अमेरिकाबाट सञ्चालित लागु-औषध तस्कर नियन्त्रण गर्न सुरु गरिएको सैन्य अपरेसन "साउदर्न स्पियर" को एक भाग भएको जनाएको छ।

"गुप्तचरले उक्त डुङ्गा पूर्वी प्रशान्तमा नार्को-तस्करी मार्गहरूमा पारगमन गरिरहेको र नार्को-तस्करी अपरेसनमा संलग्न रहेको पुष्टि गरेको युएस साउदर्न कमान्ड (साउथकम) ले सामाजिक सञ्जाल एक्समार्फत जनाएको छ।

आक्रमणमा परी दुई जना मानिसहरू घाइते भएको जनाइएको छ, भने अमेरिकी तट-रक्षकले उनीहरूको खोजी तथा उद्धार अभियान सुरु गरेको साउथकमले जनाएको छ।

क्यारिबियाली सागर र पूर्वी प्रशान्त महासागरमा "साउदर्न स्पियर" आक्रमण क्रममा २०० जनाभन्दा बढी मानिसको मृत्यु भएको एएफपीले जनाएको छ।

कानुनी विज्ञहरू र अधिकार समूहहरूले संयुक्त राज्य अमेरिकाका लागि तत्काल खतरा नगर्ने नागरिकहरूलाई लक्षित गरी गरिएका आक्रमणहरू गैरन्यायिक आक्रमण हुने जनाएका छन्।

# अस्ट्रेलिया र बेलायतले १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई मोबाइल प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय गरेका छन्


✍ अरूणा उप्रेती

UK bans children under 16 from using social media apps, including TikTok and YouTube

किन यस्तो निर्णय गरिएको होला ? यसका धेरै कारण छन् -

बालबालिकादेखि किशोर-किशोरी, वयष्क, वृद्ध जसलाई पनि इन्टरनेट वा मोबाइलको कुलत हुन सक्छ। यस्तो कुलतबाट सबै नै बच्नुपर्छ। त्यसमा पनि बालबालिकालाई यस्तो कुलतबाट सुरक्षित राख्न बेलैमा सावधानी अपनाउनुपर्छ। किशोर-किशोरीलाई इन्टरनेट एवं सामाजिक सञ्जालमा लामो समय बस्न दिएपछि यसको 'कुलत' रक्सीको कुलतजस्तै लाग्न सक्छ। जसरी रक्सी वा लागूऔषधको कुलत लागेपछि त्यो एकछिन खान नपाउँदा छटपटी हुन्छ, त्यसरी नै मोबाइल, इन्टरनेट, फेसबुकको कुलत लागेपछि त्यो भएन भने छटपटाहट हुन थाल्छ।

बालबालिकालाई सुरक्षित र स्वस्थ राख्न अभिभावकले केही कदम चाल्नैपर्छ। तर, यसको लागि अभिभावकहरू आफैं पनि यस्तो कुलतबाट मुक्त हुन जरुरी छ। आफूले दिनमा ५ घण्टा फेसबुक चलाएर, छोराछोरीलाई फेसबुकमा नझुन्ड भन्न सकिन्न। खाना खाँदा घर-परिवारका मानिसहरूसँगै बसेर खानुपर्छ।



खाना खाने टेबुलमा मोबाइल फोनमा गीत वा सिनेमा हेर्ने बानी कसैले पनि गर्नु हुँदैन। यस्तो बेला रमाइला र दुःख-सुखका कुरा गर्नु बालबालिकाको शारीरिक एवं मानसिक स्वास्थ्यको लागि राम्रो हुन्छ।

ब्रिटेनमा १४ वर्षीया मोली रसेलले सन् २०१७ मा आत्महत्या गरिन्। उनी सामाजिक सञ्जालमा धेरै व्यस्त हुन्थिन्। परिवारले त्यति वास्ता गर्दैनथे। आत्महत्यापछि परिवारले उनको इन्स्टाग्राम एकाउन्ट हेर्दा डिप्रेसन तथा आत्महत्यासम्बन्धी विचलित पार्ने सामग्रीहरू रहेको देखियो। लगातार त्यस्ता सामग्रीहरू हेरेपछि मोलीको मनस्थिति बिग्रियो। उनका पिता इयानले छोरीले आत्महत्या गर्नुमा इन्स्टाग्रामलाई जिम्मेवार पाए। तर उनले आफ्नो छोरी के गरेर यति धेरै समय इन्टरनेटमा बिताउँछिन् भनेर पहिले बुझ्ने प्रयास कहिल्यै गरेनन्। यो उनको ठुलो भूल थियो।

यसैगरी एक चिनियाँ युवक स्मार्ट फोन किन्न आफूसँग पैसा नभएपछि निकै दिक्क भएका थिए। उनलाई जसरी भए पनि महँगो स्मार्ट फोन किन्नुपर्छ भन्ने दृढ भावना थियो। उनी मोबाइलको कुलतमा यसरी फसेका थिए कि उनले सबै कुरा बिर्सिए। उनले आफ्नो मृगौला बेचेर आएको पैसाले 'स्मार्ट फोन' किने। भविष्य के होला भनेर विचारै गरेनन्।

'कुलतमा' फसेकाहरूले के राम्रो, के नराम्रो भनेर छुट्याउन सक्दैनन्। उनीहरू विवेकहीन हुन जान्छन्। बालबालिका र किशोरकिशोरीहरू मात्रै होइन, गृहिणीहरू पनि यस्तो कुलतमा फस्छन् र लगातार कम्प्युटर, मोबाइल चलाएपछि उनीहरूमा अनेक मानसिक र शारीरिक समस्या देखिन सक्छ। कतिपय महिला घरमा मोबाइल, सामाजिक सञ्जालमा गफ गर्ने, फेसबुक चलाउने गर्दा आफ्ना अन्य जिम्मेवारी बिर्सिन्छन् अनि 'तनाव' भएपछि छोराछोरीलाई गाली गर्छन्।

# कालीकोटमा भेटियो रेडपान्डा

मान्म (कालीकोट), ३ असार। कालीकोटका तीन वटा स्थानीय तहमा दुर्लभ वन्यजन्तु रेडपान्डा (हाब्रे) भेटिएको छ। जिल्लाको तिलागुफा नगरपालिका, महावै गाउँपालिका र शुभकालिका गाउँपालिका रेडपान्डा भेटिएको संरक्षण क्षेत्रमा लागेका सरकारी तथा गैरसरकारी संस्थाहरूले जनाएका छन्।

तिलागुफा नगरपालिका-१० को रुरुबन्चु पाटन, शुभकालिका गाउँपालिका-६ को हाउडी लेकमा र महावै गाउँपालिका-२ को महावै पाटन क्षेत्रमा रेडपाण्डा भेटिएको उनीहरूको भनाइ छ।

तिलागुफा नगरपालिका-१० स्थित रेडपान्डा संरक्षण वन क्षेत्र रुडुबञ्चुमा जैविक विविधता अनुगमनका क्रममा दुर्लभ रेडपान्डा भेटिएको हुरन्डेक नेपालका कालीकोट जिल्ला संयोजक दिलीपकुमार शाहीले बताउनुभयो। उहाँले भन्नुभयो, "संस्थाले समुदायलाई संरक्षणमा लाग्न सचेतना जगाउने र वासस्थानका रूपमा रहेका निगालो एवं बाँसको जङ्गल नमास्न स्थानीयलाई आग्रह गर्दै आएको छ। पालिकामा संरक्षणका क्षेत्रमा प्रभावकारी रूपमा भइरहेको छ।"

तिलागुफा नगरपालिकाका प्रमुख महेन्द्रबहादुर शाहीले रुरुबञ्चु पाटनमा रेडपान्डा भेटिएको जानकारी दिँदा यसको संरक्षणका लागि स्थानीय तहले पहल गर्दै आएको बताउनुभयो।

उहाँले भन्नुभयो, "विगतमा नगरपालिकाको पर्यटकीय क्षेत्रसमेत रहेको रुरुबन्चु पाटनमा रेडपान्डा भएको स्थानीयले बताउँदै आएका थिए। अहिले अनुसन्धान गर्दै जाँदा दुर्लभ बन्यजन्तु रेडपान्डा भेटिएको छ। संरक्षणका लागि नगरपालिकाले सङ्घसंस्था मिलेर काम गरिरहेको छ। अहिले स्थानीयलाई जनचेतना जगाउने काम भइरहेको छ।"

त्यस्तै, शुभकालिका गाउँपालिका-६ को हाउडी लेकमा पनि रेडपान्डाको बासस्थान भेटिएका गाउँपालिकाका अध्यक्ष गोविन्दप्रसाद आचार्यले बताउनुभयो।

## सन्दर्भः विश्व जैविकता दिवस (जून २२)

# जैविक विविधतामाथि बढ्दो खतरा

● इन्द्राकुमारी केसी

घोडाघोडी (कैलाली)। कैलालीको गौरीगङ्गा नगरपालिका-४ स्थित वसन्ता हरियाली, कालिका तथा वडा नं ८ मा रहेको गौरीगणेश र शिवशक्ति सामुदायिक वन क्षेत्र जैविक विविधता संरक्षणका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छन्। हरियाली, प्राकृतिक सौन्दर्य र वन सम्पदाले समृद्ध यी वन क्षेत्र तराई र चुरे भूभागलाई जोड्ने महत्त्वपूर्ण जैविक कोरिडोर (वन्यजन्तु आवतजावत मार्ग) का रूपमा रहेका छन्।

पूर्व-पश्चिम राजमार्गसँगै फैलिएको यो कोरिडोर वन्यजन्तुको नियमित आवागमन हुने क्षेत्र हो। डमरु हुर्काउनका लागि सो क्षेत्रमा पाटेबाघ पनि आउने गर्दछन्। तर, यही संवेदनशील वन क्षेत्र फोहर व्यवस्थापनको नाममा डम्पिङसाइटका रूपमा प्रयोग हुन थालेपछि यसको पर्यावरणीय महत्त्वमाथि गम्भीर चुनौती थपिँदै गएको छ।

राजमार्ग छेउछाउमा जथाभावी फालिने फोहरले वन क्षेत्रको प्राकृतिक सौन्दर्य मात्रै होइन, समग्र पारिस्थितिकी प्रणालीलाई नै जोखिममा पार्न थालेको छ। प्लास्टिकजन्यलगायत विभिन्न प्रकारका फोहर वन क्षेत्रमै थुपारिँदा वातावरणमा प्रत्यक्ष असर पुऱ्याएको छ भने वन्यजन्तुको वासस्थान, आहार प्रणाली र आवागमन मार्गसमेत प्रभावित हुन थालेका छन्।

**फोहरको थुप्रोले वन क्षेत्र प्रभावित**

वन क्षेत्रमा फोहर व्यवस्थापनको समस्याले वातावरणीय सन्तुलन र जैविक विविधता संरक्षणमा गम्भीर चुनौती थपिएको छ। पूर्व-पश्चिम राजमार्गसँगै फैलिएको वसन्ताजस्तो संवेदनशील वन क्षेत्रमा वर्षौंदेखि फोहर फालिने क्रम जारी रहँदा यसको प्रत्यक्ष असर वन्यजन्तुको वासस्थान, वनस्पति र समग्र पारिस्थितिक प्रणालीमा पर्न थालेको छ। संरक्षणकर्मी विजयराज श्रेष्ठ भन्नुहुन्छ, "जैविक मार्गभित्र जथाभावी फोहर फालिनु अत्यन्तै चिन्ताजनक विषय हो। वसन्ता जैविकमार्ग वन्यजन्तुको जीवन रेखा हो। यस्ता क्षेत्रमा फोहर फाल्दा वन्यजन्तुको प्राकृतिक वासस्थानमाथि प्रत्यक्ष हस्तक्षेप भएको छ।"

उहाँका अनुसार फोहरको बढ्दो असरले दीर्घकालीन रूपमा जैविक विविधता संरक्षणमा गम्भीर समस्या सिर्जना गर्नसक्छ। फोहर व्यवस्थापनको अव्यवस्थित अभ्यासले मानव-वन्यजन्तु द्वन्द्व बढाउने जोखिम रहेको छ। फोहरमा रहेका प्लास्टिकजन्य पदार्थ, रासायनिक अवशेष तथा अन्य प्रदूषकतत्वले माटोको उर्वराशक्ति घटाउने, पानीका स्रोतहरू प्रदूषित गर्ने तथा वनस्पतिको प्राकृतिक वृद्धि प्रक्रियामा असर पुऱ्याउने खतरा बढेको उहाँको भनाइ छ।

वन क्षेत्रमा डम्पिङसाइट सञ्चालन गरिनु गम्भीर वातावरणीय चुनौती भएको डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ डिभिजनल वन अधिकृत जनक पाध्या बताउनुहुन्छ। वन क्षेत्रमा फोहर फालिँदा वन्यजन्तुको वासस्थान खण्डित हुने, जैविक विविधता घट्ने तथा माटो र पानी प्रदूषित हुने जोखिम बढ्दै गएको छ उहाँको भनाइ छ। "वन क्षेत्रमा जथाभावी फोहर फाल्ने कार्यले तत्काल मात्र होइन, दीर्घकालीन वातावरणीय सङ्कट निम्त्याउन सक्छ", उहाँ भन्नुहुन्छ।

फोहरको असर वन क्षेत्रभित्र मात्र सीमित छैन। वर्षायाममा डम्पिङसाइटमा थुप्रिएको फोहर बगेर खोलानाला, नदी तथा अन्य जलस्रोतसम्म पुग्ने गर्दछ। यसबाट प्लास्टिकजन्य पदार्थ र विभिन्न रसायन भूमिगत पानीमा मिसिने जोखिमसमेत बढेको डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ वन अधिकृत विश्वराज पण्डित बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "यसले स्थानीय बासिन्दाको स्वास्थ्य र वातावरण दुवैमा नकारात्मक प्रभाव पार्न सक्छ। पूर्व-पश्चिम राजमार्गसँगै रहेको यस क्षेत्रमा फैलिने दुर्गन्ध, दृश्य प्रदूषण र फोहरको थुप्रोले यात्रुहरूलाई समेत असहज बनाएको छ।" प्राकृतिक सौन्दर्यका लागि परिचित वसन्ता क्षेत्रको छविमा समेत यसले असर पुऱ्याउन थालेको स्थानीय गोविन्द शर्मा बताउनुहुन्छ।

**विकल्पको अभावमा वन क्षेत्रमै डम्पिङ**

फोहर व्यवस्थापनका कारण वातावरणीय जोखिम बढ्दै गएका बेला स्थानीय तहहरू भने वैकल्पिक उपायको अभावसँग जुधिरहेका छन्। वन क्षेत्रभित्र डम्पिङसाइट सञ्चालन गरिनु उपयुक्त नभएको स्वीकार गरे पनि अधिकांश स्थानीय तहहरू वैकल्पिक स्थानको अभावका कारण बाध्यात्मक अवस्थामा रहेको बताउँछन्। गौरीगङ्गा नगरपालिकाले विगत लामो समयदेखि वसन्ता जैविक मार्गअन्तर्गत पर्ने वन क्षेत्रमा फोहर व्यवस्थापन गर्दै आएको छ। वातावरणीय दृष्टिले संवेदनशील मानिने यस क्षेत्रमा फोहर थुपार्दा वन्यजन्तु, वनस्पति तथा समग्र पारिस्थितिक प्रणालीमा नकारात्मक असर परिरहेको भए पनि तत्काल प्रयोग गर्न सकिने उपयुक्त स्थानको अभावले समस्या झन जटिल बनेको छ।

गौरीगङ्गा नगरपालिकाका उपप्रमुख भोजबहादुर बम वन क्षेत्रमा डम्पिङसाइट सञ्चालन गर्नु नगरपालिकाको चाहना नभएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "उपयुक्त जमिन नपाउँदा बाध्य भई वन क्षेत्र प्रयोग गर्नु परेको हो। यो हाम्रो रोजाइ होइन। हामीलाई पनि वन क्षेत्रमा फोहर फाल्नु उचित होइन भन्ने थाहा छ तर तत्काल प्रयोग गर्न सकिने अर्को विकल्प नभएकाले यही स्थान प्रयोग गर्नु परेको हो।" अहिले नयाँ स्थान पहिचानका लागि विभिन्न विकल्पहरूमा अध्ययन भइरहेको उहाँको भनाइ छ।

फोहर व्यवस्थापनको समस्या केवल गौरीगङ्गा नगरपालिकामा मात्र सीमित छैन। कैलालीका अन्य स्थानीय तहहरू पनि यस्तै समस्याबाट प्रभावित छन्। बर्दगोरिया गाउँपालिका, घोडाघोडी नगरपालिका तथा लम्कीचुहा नगरपालिका लगायतका पनि वन क्षेत्रमै फोहर फालिरहेका छन्। घोडाघोडी नगरपालिकाका नगर प्रमुख खडक रावत भन्नुहुन्छ, "सङ्घीय सरकारबाट फोहर व्यवस्थापनका लागि बजेट प्राप्त भए पनि उपयुक्त स्थानको अभावले बजेट फ्रिज हुँदै गएको छ। उहाँका अनुसार फोहर व्यवस्थापन केन्द्र निर्माणका लागि आवश्यक जमिन प्राप्त गर्न नसक्दा उपलब्ध स्रोत र बजेट प्रभावकारी रूपमा उपयोग हुन सकेको छैन। रावत भन्नुहुन्छ, "योजना र बजेट हुँदाहुँदै पनि कार्यान्वयनको सबैभन्दा ठुलो चुनौती उपयुक्त स्थानको अभाव हो। स्थानीयस्तरमा फोहर फाल्ने स्थान नहुँदा हाललाई वन क्षेत्रमा नै अस्थायी विकल्प अपनाउन बाध्य भएका छौं।"

स्थानीय तहहरू एकातिर वातावरणीय जोखिमबारे जानकार छन् भने अर्कोतिर व्यावहारिक रूपमा उपयुक्त विकल्पको अभावले उनीहरूलाई वन क्षेत्र प्रयोग गर्न बाध्य बनाएको छ। यस्तो अवस्थामा समस्या केवल व्यवस्थापनको कमजोरी मात्र नभई संरचनागत चुनौतीका रूपमा पनि देखिन थालेको छ।

**फोहरबाट अवसर**

फोहर व्यवस्थापनको चुनौतीपूर्ण अवस्थाबिच सुदूरपश्चिम प्रदेशका केही स्थानीय तहहरूले भने फोहर व्यवस्थापनलाई समस्या होइन, अवसरका रूपमा उपयोग गर्ने अभ्यास सुरु गरेका छन्। यस्ता अभ्यासले फोहर व्यवस्थापनको समस्या समाधानको सम्भावना पनि देखाउँदै आएका छन्। वैज्ञानिक व्यवस्थापन, पर्याप्त लगानी र निजी क्षेत्रको सक्रिय सहभागिता भए फोहरलाई वातावरणीय जोखिमबाट आर्थिक अवसरमा रूपान्तरण गर्न सकिने उदाहरण प्रदेशमै स्थापित हुन थालेका छन्।

कैलालीको गोदावरी नगरपालिकामा सञ्चालित एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र यस्तो सफल अभ्यासमध्ये एक हो। यहाँ सङ्कलित फोहरलाई वर्गीकरण गरी प्रशोधन तथा सुरक्षित व्यवस्थापन गरिँदै आएको छ, जसले वातावरणीय प्रदूषण न्यूनीकरणसँगै दिगो फोहर व्यवस्थापनको आधार तयार गरेको छ। चौकीडाँडा महिला सामुदायिक वन क्षेत्रमा करिब रु. एक अर्ब लागतमा निर्माण गरिएको फोहर व्यवस्थापन केन्द्रमा फोहर छुट्टाउने, प्रशोधन गर्ने र पुनःप्रयोग गर्ने प्रणाली सञ्चालनमा छ। नगर प्रमुख वीरेन्द्र भट्टका अनुसार स्रोतमै फोहर वर्गीकरण गर्ने अभ्यासले व्यवस्थापनलाई सहज बनाएको छ भने राजस्व पनि प्राप्त हुँदै आएको छ।

गोदावरी नगरपालिकाको फोहर व्यवस्थापन केन्द्रमा कार्यरत कामदारहरूको जीवनस्तरमा पनि परिवर्तन देखिन थालेको छ। गोदावरी नगरपालिका-१० की प्रियङ्का जोराइला विगत चार महिनादेखि फोहर व्यवस्थापन केन्द्रमा काम गर्दै आउनुभएको छ। यसअघि कपडा पसलमा काम गर्ने उहाँ अहिले फोहर छुटाइ तथा व्यवस्थापनको काममार्फत मासिक करिब रु. १६ हजार आम्दानी गरिरहनुभएको छ। त्यहाँ काम गर्ने जङ्गबहादुर चौधरी पनि लामो समयदेखि यही क्षेत्रमा संलग्न हुनुहुन्छ। उहाँले फोहर व्यवस्थापनको काम सुरु गरेको करिब नौ वर्ष भइसकेको छ। निरन्तर यसै काममा खटिँदै आउनुभएका उहाँले मासिक करिब रु. १७ हजार आम्दानी गर्दै आउनुभएको छ। उहाँका अनुसार यो कामले रोजगारीको अवसर दिएको भए पनि फोहरसँगको प्रत्यक्ष सम्पर्क, दुर्गन्ध र स्वास्थ्य जोखिम भने निरन्तर चुनौतीका रूपमा रहेको छ।

स्वच्छ वातावरण प्रालिले गोदावरी नगरपालिकाको फोहर व्यवस्थापनको जिम्मेवारी सम्हाल्दै आएको छ। कम्पनीका सञ्चालक गोविन्द रावलका अनुसार सङ्कलित फोहरमध्ये करिब ७० प्रतिशत पुनः प्रयोगयोग्य सामग्रीका रूपमा व्यवस्थापन गरिन्छ। सड्ने फोहरबाट जैविक मल उत्पादन गरिन्छ भने अन्य सामग्री पुन प्रयोगका लागि पठाइन्छ। फोहरलाई सही ढङ्गले व्यवस्थापन गर्न सकियो भने यो समस्या होइन, अवसर बन्न सक्ने उहाँ बताउनुहुन्छ। कम्पनीले वार्षिक रूपमा नगरपालिकालाई राजस्वसमेत बुझाउँदै आएको छ भने करिब एक सय जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ।

गोदावरीसँगै कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा पनि एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आइसकेको छ। केन्द्र निर्माण हुनुअघि जङ्गल क्षेत्रमा फोहर व्यवस्थापन गरिँदै आएकोमा एक वर्षअघि केन्द्र सञ्चालनमा आएपछि व्यवस्थापन कार्य सहज भएको शुक्लाफाँटा नगरपालिकाका नगर प्रमुख रणबहादुर महराले बताउनुभयो। दैनिक करिब छ टन फोहर सङ्कलन हुने अनुमानका आधारमा २० वर्षसम्म व्यवस्थापन गर्न सकिने गरी केन्द्र निर्माण गरिएको भए पनि हाल दैनिक करिब तीन टन मात्र फोहर सङ्कलन भइरहेको उहाँले जानकारी दिनुभयो। यस अवस्थालाई हेर्दा केन्द्रको आयु ४० वर्षसम्म पुग्नसक्ने नगरप्रमुख महराको भनाइ छ।

उहाँका अनुसार केन्द्र सञ्चालनपछि ट्याक्टर चलाउनेदेखि फोहर छुट्याउनेसम्मका काममा स्थानीयवासी नै संलग्न रहेका छन्, जसले रोजगारीको अवसर पनि सिर्जना गरेको छ। धनगढीमा २२ हेक्टर, शुक्लाफाँटामा पाँच बिघा र अत्तरियामा पाँच हेक्टर क्षेत्रफलमा यस्ता संरचना निर्माण भएका छन्। एसियाली विकास बैङ्क (एडिबी) को सहयोगमा क्षेत्रीय शहरी विकास आयोजनाअन्तर्गत यी परियोजनाहरू अघि बढाइएका हुन्।

कैलालीको धनगढी उपमहानगरपालिकामा पनि फोहर मैला व्यवस्थापन केन्द्र निर्माण भइसकेको छ तर सञ्चालनमा आउन बाँकी छ। उपमहानगरपालिकाले भने फोहर व्यवस्थापनका लागि विगतका वर्षहरू बाट नै निजी कम्पनीमार्फत ठेक्का लगाई आम्दानी गरिरहेको छ। उपमहानगरपालिकाले नकुहिने फोहरबाट आयआर्जन तथा कुहिने फोहरबाट मल बनाउने उद्देश्यका साथ २०८० साउनमा रु. ३१ लाख ५५ हजार लगानीमा सुक्ष्म वर्गीकरण केन्द्र सञ्चालनमा ल्याएको थियो। यहाँको १९ वटै वडाबाट दैनिक ७० टन फोहर सङ्कलन हुने गर्दछ। यसमध्ये कुहिने फोहर केन्द्र नजिक रहेको बायोग्यास प्लान्टमा र मल उत्पादनका लागि प्रयोग भइरहेको छ।

उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको उक्त केन्द्रलाई निजी कम्पनीमार्फत ठेक्का लगाई फोहर बिक्री गर्दै आएको उपमहानगरपालिकाको वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थी बताउनुहुन्छ। धनगढीको नन्दादेवी सेवा केन्द्रलाई आव २०८१/८२ मा रु. ७२ लाखमा पाँच वर्षका लागि ठेक्का दिइएको छ। ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्ने गरी ठेक्का सम्झौता गरेको अवस्थीले बताउनुभयो। ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्ने गरी ठेक्का सम्झौता गरेको छ।

यी अभ्यासहरूले फोहर व्यवस्थापनलाई केवल सरसफाइको विषयमा सीमित नराखी वातावरण संरक्षण र आर्थिक अवसरसँग जोड्न सकिने सम्भावना देखाएका छन् तर संवेदनशील वन क्षेत्रमा अझै पनि फोहर थुपारिने अभ्यास जारी रहनु भने चुनौतीपूर्ण पक्षका रूपमा देखिएको छ। यसले स्पष्ट गर्छ कि फोहर व्यवस्थापनको समस्या केवल स्रोतको अभाव होइन, नीति कार्यान्वयन र दीर्घकालीन व्यवस्थापन दृष्टिकोणसँग पनि गहिरो रूपमा जोडिएको छ। ***रासस***

# नागढुङ्गा सुरुङमार्गमा साउनदेखि सञ्चालनको तयारी

- *हिमाल लम्साल*

काठमाडौँ, ३ असार । नागढुङ्गा–नौबिसे सुरुङमार्गबाट सवारीसाधन साउन महिनादेखि सञ्चालनमा ल्याउनेगरी आवश्यक तयारी थालिएको छ ।

नेपालको बहुप्रतिक्षित सुरुङमार्ग आयोजना सञ्चालनमा आएसँगै नौबिसे–नागढुङ्गा सडकखण्डमा हुने सवारी आवतजावत सहज हुने अपेक्षा गरिएको छ । नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाका आयोजना निर्देशक सौजन्य नेपालले आगामी साउनभित्रै नागढुङ्गा सुरुङमार्ग सञ्चालन गर्ने गरी आन्तरिक तयारी थालिएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "सुरुङमार्गभित्रका सबैजसो काम सकिसकेको छ । सुरुङभित्र हुने आकस्मिक कुनै घटना भएमा कसरी उद्धार गर्ने र सवारी व्यवस्थापन गर्ने विषयमा आवश्यक परीक्षणका काम भइराखेको छ । सुरुङमार्ग बाहिरको पहिरो रोकथामको काममात्रै बाँकी छ ।"

नागढुङ्गा–नौबिसे सुरुङमार्गअन्तर्गत दुई हजार ६८८ मिटर कुल लम्बाइ रहेको छ । सुरुआती ठेक्का सम्झौताअनुसार यो आयोजना २६ अप्रिल २०२३ भित्रै सम्पन्न हुनुपर्ने थियो । ठेकेदार कम्पनीको ढिलासुस्ती र स्थानीयवासीको अवरोधका कारणले यो आयोजना निर्माणको कामले गति लिन नसकेको हो । आयोजनाका अनुसार अहिले सुरुङमार्ग सञ्चालन, व्यवस्थापन अभ्यासको काम हुँदै आइरहेको छ ।

आयोजनाका निर्देशक नेपालले नागढुङ्गा–नौबिसे सुरुङमार्ग उपयोग गरेबापत तिर्नुपर्ने दस्तुर (टोल) सङ्कलन गर्ने बैङ्कको छनोट र कार्ड छाप्नेलगायतको प्रक्रिया पनि अघि बढिसकेको दाबी गर्नुभयो । आयोजनाले नागढुङ्गा–नौबिसे सुरुङमार्गमा गुड्ने सवारीसाधनबाट तीन तरिकाबाट दस्तुर तिर्न मिल्ने व्यवस्था मिलाएको छ । 'म्यानुअल' रूपमा सवारी चालकबाट नगदै लिने व्यवस्था, 'क्युआर कोड' स्कानिङ गरेर र सवारीसाधनमा टाँस्ने स्टिकरलाई उच्च क्षमताको क्यामेरामार्फत रिड गरेर पनि भुक्तानी गर्न मिल्ने व्यवस्था मिलाइएको छ ।

बोलपत्रमार्फत युसिन एआरटी कम्पनीले रु. एक अर्ब १० करोड लागतमा पाँच वर्षका लागि सुरुङमार्गको सञ्चालन, व्यवस्थापन र मर्मतसम्भारलगायतको जिम्मेवारी पाएको छ ।

आयोजनाका निर्देशक नेपालले सुरुङमार्ग उपयोग गर्ने सवारीसाधनबाट उठेको दस्तुर रकम व्यवस्थापकले सङ्कलन गरेर सडक बोर्ड नेपालको खातामा दाखिला गर्नुपर्नेछ । सो बोलपत्रमा १० वटा कम्पनीको आवेदन परेको थियो । कम्पनीले ३६५ दिनमा चौबिसै घण्टा सञ्चालन गर्नेछन् । उहाँले भन्नुभयो, "सुरुङमार्ग व्यवस्थापन र सञ्चालनमा १५० जना जनशक्ति खटिनेछन् । सुरुङमार्ग पूर्ण रूपमा सञ्चालनमा आउँदा दिउँसोको 'पिकआवर' मा एकैपटक ४० कर्मचारी खटिनेछन् ।" अहिले सुरुङमार्गभित्र आन्तरिक तयारीका काम भइरहेका छन् । असार महिनाभित्र सबै खालका तयारी पूरा गरेर सुरुङमार्गबाट सवारीसाधन गुडाउने लक्ष्य राखेका छौँ ।

आयोजनाका अनुसार काठमाडौँ प्रवेश तथा बाहिरिने नागढुङ्गा–नौबिसेनाका हुँदै दैनिक औसतमा दुई पाङ्ग्रेबाहेक करिब आठ हजारभन्दा धेरै साना तथा ठुला सवारीसाधन गुड्ने गर्छन् । आयोजनाका निर्देशक नेपालले नागढुङ्गा–नौबिसे सडकखण्डबाट भित्रिने र बाहिरिने सवारीसाधनमध्ये करिब ६० प्रतिशत सवारीसाधनले सुरुङमार्गको उपयोग गर्ने अनुमान गरिएको जानकारी दिनुभयो । आयोजनाका अनुसार यो सुरुङमार्ग हुँदै दुईपाङ्ग्रे सवारीसाधन भने चलाउन पाइने छैन ।

**यस्तो छ सुरुङमार्गबाट सवारी गुडाउँदाको शुल्क**

विसं २०८२ चैत २६ गते सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर नागढुङ्गा–नौबिसे सुरुङमार्गमा सवारीसाधन गुडाउने शुल्क निर्धारण गरेको छ । सरकारले सवारीसाधनको क्षमताअनुसार सुरुङमार्गको प्रयोग गर्ने सवारीसाधनका लागि छुट्टाछुट्टै दस्तुर निर्धारण गरेको छ । कार, भ्यान, पिकअप, ट्याक्टर, माइक्रोबस र अन्य हलुका सवारीसाधनका लागि काठमाडौँ प्रवेश गर्दा रु. ६५ र सोही वर्गका सवारीसाधन काठमाडौँबाट प्रस्थान गर्दा भने रु. ६० तोकिएको छ । त्यसैगरी, मिनीबस, मिनी टिपर/ ट्रकका लागि काठमाडौँ प्रवेश गर्दा रु. १२५ र काठमाडौँबाट प्रस्थान गर्दा भने रु. ८० दस्तुर तोकिएको छ ।

त्यसैगरी, बस, ट्रक (सिङ्गल रियर एक्सल) सवारीका लागि काठमाडौँ प्रवेश गर्दा रु. २६० दस्तुर तोकिएको छ । सोही सवारीसाधन काठमाडौँबाट प्रस्थान गर्दा भने रु. २०० दस्तुर तोकिएको छ । मल्टिएक्सल ट्रक, सवारीसाधन, भारी उपकरणका लागि काठमाडौँ प्रवेश गर्दा रु. ६०० दस्तुर तोकिएको छ । त्यसैगरी, काठमाडौँबाट प्रस्थान गर्दा सोही वर्गका लागि भने रु. २५० दस्तुर तोकिएको छ । *रासस*

# युद्धविरामको बाबजुत लेबनानमा इजरायली आक्रमण जारी



बेरुत (लेबनान), ३ असार (एएफपी) । मध्यपूर्व युद्धमा घोषण भएको शान्ति सम्झौताको बाबजुद इजरायली सेनाले बुधवार दक्षिण लेबनानका धेरै क्षेत्रहरूमा हवाई आक्रमण गरेको लेबनानी मिडियाले रिपोर्ट गरेका छन् ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सीले इजरायली युद्धरत विमानहरूले नबातीह अल–फाका क्षेत्र र छिमेकी सहर कफर तेबनिटको पूर्वी इलाकालाई लक्षित गरी छापा मारेको बताएको छ ।

इजरायलीहरूले जन्हानी क्षेत्रको अन्सारीह सहरमा पनि ड्रोन आक्रमण गरेको जनाइएको छ ।

सोमबार मध्यपूर्व युद्धको अन्त्य गर्न अमेरिका–इरान सम्झौता घोषणा भए देखि लेबनानमा हिंसात्मक गतिविधि घटेको जनाइएको छ तर सम्झौता भएपछि भएको इजरायली आक्रमणका कारण कम्तिमा पाँच जनाको मृत्यु भएको जनाइएको छ ।

सुधारको आशासँगै दक्षिण लेबनानका बासिन्दाहरूलाई आफ्नो बासस्थान फर्कन र आफ्नो सहर र गाउँहरूको निरीक्षण गर्न अनुमति दिएको छ, तर लेबनानी सेनाले "इजरायली आक्रमणको जोखिम अझै बाँकि रहेको भन्दै स्थानीयहरूलाई फिर्तीमा ढिलाइ गर्न आग्रह गरेको छ ।

इरानका विदेश मन्त्री अब्बास अराघचीले मङ्लबार यस युद्धमा कब्जा गरेका क्षेत्रहरूबाट इजरायली सेना फिर्ता नगरेसम्म द्वन्द्वको अन्त्य नहुने बताउनुभएको छ । आगामी दिनमा लेबनानमा कुनै पनि सैन्य आक्रमण र लेबनानका क्षेत्रहरूमा निरन्तर कब्जा गर्नु शान्ति सम्झौताको विपरित हुने उहाँले बताउनुभएको छ ।

तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले सोमबार आफ्नो देशको सेना "आवश्यक हुँदासम्म" लेबनानमा रहने दावी गरेका छन् ।

हेजबुल्लाहले मङ्गलबारदेखि दक्षिण लेबनानमा इजरायली लक्ष्यहरूमा आक्रमण गरेको दाबी गर्दै अहिलेसम्म कुनै सुचना जारी गरेको छैन ।

समूहका नेता नईम कासिमले बुधबार सार्वजनिक रूपमा टेलिभिजन सम्बोधन गर्ने जनाइएको छ ।

लेबनानको स्वास्थ्य मन्त्रालयले युद्ध सुरु भए देखि भएको इजरायली आक्रमणका कारण मृत्यु हुने मानिसहरूको सङ्ख्या तीन हजार ८२६ पुगेको जनाएको छ ।

**आधारभूत...**


सकिने बताउनुभयो । भाषा ज्ञानले दुई देशबिचको सम्बन्धलाई अझ सुदृढ बनाउन सहयोग पुग्ने उहाँको भनाइ थियो ।

जापानी भाषा प्रशिक्षक सीताराम शिवञ्जारले तालिममार्फत प्रशिक्षार्थीहरूलाई जापानी भाषा बोल्न सिकाइने र जापानी पर्यटकलाई प्रभावकारी रूपमा मार्गदर्शन गर्न सक्ने क्षमता विकास गरिने जानकारी दिनुभयो ।

तालिम सहजकर्ता दीपेन्द्र प्रजापतिले प्रशिक्षार्थीहरूलाई तालिमको उद्देश्य, सञ्चालन प्रक्रिया, कक्षा व्यवस्थापन तथा आवश्यक जानकारी प्रदान गर्दै चारमहिने चिनियाँ तथा जापानी भाषा तालिम असार ७ गतेदेखि सुरु हुने, तालिम प्रत्येक दिन बेलुका ५:३० बजेदेखि ७:०० बजेसम्म ख्वप इन्जिनियरिङ कलेजमा सञ्चालन गरिने जानकारी गराउनुभयो ।


## हार्दिक समवेदना

जन्म
१९९७/०१/२०



स्वर्गारोहण
२०८३/०२/२५

यस अस्पतालमा कार्यरत कर्मचारी जयराम ज्याख्वका पूजनीय पिता **रामकृष्ण ज्याख्व**को दुःखद निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**ख्वप अस्पताल परिवार**
च्याम्हासिंह–९,भक्तपुर


# 'नागरिक चौतारी' : सरकारलाई सिधै सुझाव दिन मिल्ने डिजिटल प्लेटफर्म

काठमाडौँ, ३ असार । देश तथा विदेशमा रहेका नेपाली नागरिकलाई राज्यका हरेक गतिविधिमा सिधै जोड्न सरकारले डिजिटल प्रणाली 'नागरिक चौतारी' सञ्चालनमा ल्याउने तयारी गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उक्त डिजिटल प्लेटफर्मको प्रारम्भिक (बेटा) संस्करण छिट्टै सार्वजनिक गर्ने तयारी गरेको प्रधानमन्त्री बालेन्द्र साहका स्वकीय उपसचिव प्रकृति ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त प्लेटफर्म सरकारका नीतिमाथि बहस गर्नमा मात्र सीमित नभई देशको समसामयिक विषयसँगै सरकारका योजना, नीति र अभ्यासमा नागरिकको सहज पहुँच पुऱ्याउने माध्यम बन्नेछ ।

नागरिकले मोबाइल वा कम्प्युटरबाटै देशका समस्या उठाउन, दुईतर्फी छलफल र व्यवहारिक समाधानका उपाय पनि सिधै सरकारसमक्ष पेश गर्न सक्नेछ । नागरिक चौतारीमार्फत नागरिकले सरकारलाई सिधै राय सुझाव उपलब्ध गराउन सक्छन् भने सरकारले आम जनताको प्रत्यक्ष सहयोग र अपनत्व बढाउने विश्वास गरिएको छ ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. पुकार मल्लले नागरिक चौतारी जनताले खोजेको सुशासनको बलियो माध्यम बन्ने र यसले सरकारी नीति तथा अभ्यासलाई थप नागरिकमैत्री एवं नतिजामुखी बनाउने विश्वास व्यक्त गर्नुभयो । सार्वजनिक सेवा प्रवाह र सहभागितामूलक विकासको लागि उक्त माध्यम पारदर्शी हुने उहाँको भनाइ छ ।

हरेक नागरिकले सरल र सहजै रूपमा प्रयोग गर्न सक्ने गरी तयार भइरहेको नागरिक चौतारी डिजिटल प्लेटफर्मका साथै देशभरका नागरिकसँग प्रत्यक्ष 'इन–पर्सन' कार्यक्रममार्फत पनि जोडिने तयारी रहेको उहाँले जानकारी दिनुभयो ।


## योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ्य जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**सत्यमोहन...**

शाक्य गुम्बा हेर्नेमा नै केन्द्रित थिए । त्यो ठाउँ सगरमाथाभन्दा पचास माइल मात्र टाढा रहेको तथ्य पनि उनले त्यहीको माटो कुल्चेर नै थाहा पाएका थिए ।

चिनियाँ सम्राट् कोब्लाई खाँका गुरु पासपा थिए । त्यसको पनि एउटा सानो कथन रहेछ । कुरा के हो भने, सबैभन्दा पहिला असी जना नेपाली कलाकारहरु चीन गएर आफ्नो कलाकृति अर्थात् गुम्बा, चैत्य र मूर्तिहरूको निर्माण गरेका थिए । अनि अरनिकोले सर्वप्रथम शाक्य गुम्बामा चैत्य नै बनाएका थिए । त्यो चैत्यको निर्माणले सम्राटका गुरु पासपा अरनिकोसँग अति नै हर्षित भएका थिए । त्यसैले, उनले अरनिकोलाई सम्राटसमक्ष पनि पुऱ्याएका थिए ।

शाक्य ...गुम्बामा धेरैधेरै किताब रहेको पनि सत्यमोहन जोशीले त्यसै घडी देखेका थिए । त्यस ठाउँमा संस्कृत भाषाका पनि अनगिन्ती कृतिहरू राखिएका रहेछन् । ती संस्कृत किताबहरू त्यहाँका सम्राटले चिनियाँ भाषामा अनुवाद गराउँदै एउटा विशाल पुस्तकालयमा आबद्ध गराएका रहेछन् । साथै अन्य भाषाका सांस्कृतिक कृतिहरू पनि त्यहाँ राखिएको रहेछ ।

तिब्बतमा अनगिन्ती गुम्बा, चैत्य र मूर्तिहरू भएको बेहोरा सत्यमोहन जोशीले त्यसै भ्रमणताका हेर्न पाएका थिए । तर, ती कला स्तम्भमध्ये कुन नेपाली कलाकार अरनिकोले बनाएको हो; अड्कल गर्न उनलाई गाह्रो थियो । यति हुँदाहुँदै पनि जोशीले अरनिकोद्वारा निर्माण भएको चैत्य पनि फेला पारेका थिए ।

सत्यमोहन जोशीले अरनिकोले बनाएका चैत्यको फोटो खिच्न रहर गरेका थिए । तर, त्यस ठाउँमा फोटो खिच्न प्रतिबन्ध थियो । त्यसैले उनलाई त्यहाँ फोटो खिच्न नपाएकोमा निकै थकथक लागेको थियो । त्यसै क्रममा प्रतिनिधिमण्डलका सबै सदस्यलाई लिएर चिनियाँ पथ प्रदर्शक त्यहाँबाट फर्के । अलि वर आएपछि जोशीले चिनियाँ प्रदर्शकसमक्ष एउटा नाटक गरे । त्यसबेला उनले त्यहाँ भनेका थिए, "लौ ! मैले त्यहाँ मेरो डायरी छाडेछु ।" त्यसै बखत उनी उनी कुदेर अरनिकोको चैत्यमा पुगे र हतारहतार एउटा फोटो खिचिहाले । त्यसपछि पनि उनले क्यामरा लुकाएर नै साथीभाइमाझ आफूलाई उभ्याएका थिए ।

सत्यमोहन जोशीले ल्हासाबाट अरनिकोले बनाएको चैत्यको फोटो खिचेर नेपाल ल्याए । उनले फोटोको रिल धुन एउटा स्टुडियोलाई दिए । तर, रिल धुन मान्छेले उल्टो पारेर रिल नै बिगारिदिएछ । त्यस सूचनाले उनको भित्र हृदयमा पहराको एक्कासि छहरा छुट्यो । क्यामराका सौखिन जोशीले त्यस दिन नै आफ्नो क्यामरा फ्याँकिदिए । वास्तवमा त्यस पीडाले रन्थनिएर उनले त्यसपछि कहिले पनि क्यामरा बोकेनन् । तर, त्यसबेला बिग्रेको रिल भने अझै उनीसँग सुरक्षित छ । त्यस रिलमा उनले खिचेको श्वेतचैत्य पनि मधुरो रूपमा देख्न सकिन्छ ।

अरनिकोको भौतिक रूपमा सन् १३०६ मा चीनमा नै निधन भयो । त्यसबेला उनी ६३ वर्षको उमेरका थिए । उनको देहावसानपछि चिनियाँ सरकारले उनलाई ल्याङ को कोङ (काजीसरहको सम्मानानीय मानार्थ पदवी) प्रदान गरेको थियो । तर, उनी बाँचेकै बेला पनि क्वाङ लू ताइ फु (मन्त्रीसरहको दर्जा) ले सम्मान गरिएको बेहोरा सत्यमोहन जोशी दोहोऱ्याउँछन् ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा